का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ फागुन २०८२
सोमबार
9 March 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक ४६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अर्को साता बालेन सरकार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एकल सरकार बनाउने गरी स्पष्ट बहुमत ल्याएकाले रास्वपाले चयन गर्ने संसदीय दलको नेता नै प्रधानमन्त्री हुनेछन् । चुनाव अगाडि नै बालेनलाई भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरिएकाले उनकै नेतृत्वमा नयाँ सरकार बन्ने रास्वपाका नेताहरू बताउँछन् ।

**प्रत्यक्षतर्फ दलहरूको उपस्थिति**

| दल | सिट | |
|---|---|---|
| रास्वपा | १२३ सिटमा | जित |
| | २ सिटमा | अग्रता |
| नेपाली कांग्रेस | १७ सिटमा | जित |
| नेकपा एमाले | ८ सिटमा | जित |
| | २ सिटमा | अग्रता |
| नेकपा | ७ सिटमा | जित |
| श्रम संस्कृति पार्टी | ३ सिटमा | जित |



"आगामी तीन दिनभित्र समानुपातिकतर्फको पनि सम्पूर्ण मतगणना सम्पन्न हुने अनुमान छ । त्यसपछि बाँकी कार्य अगाडि बढ्नेछ ।"

■ **नारायणप्रसाद भट्टराई**
**प्रवक्ता, निर्वाचन आयोग**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ फागुन

नेपालले अर्को सातासम्म नयाँ सरकार पाउने भएको छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार प्रत्यक्षतर्फको मतगणना सकिएलगत्तै समानुपातिकतर्फको मतगणना सुरु भएको छ । समानुपातिकतर्फको मतगणना तिब्र गतिमा भइरहेको छ । उनी भन्छन्, 'आगामी तीन दिनभित्र समानुपातिकतर्फको पनि सम्पूर्ण मतगणना सम्पन्न हुने अनुमान छ ।' भट्टराईका अनुसार त्यसपछि बाँकी कार्य >>> पृष्ठ २ मा

## बढे प्रत्यक्ष निर्वाचित महिला सांसद

| | उम्मेदवार | निर्वाचित |
|---|---|---|
| २०१५ | ७ | १ |
| २०४८ | ८० | ८ |
| २०५१ | ८६ | ७ |
| २०५६ | १४२ | १२ |
| २०६४ | ३६३ | ३० |
| २०७० | ६६७ | १० |
| २०७४ | १४६ | ६ |
| २०७९ | २२७ | ९ |
| २०८२ | ३८८ | १४ |

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २४ फागुन

सप्तरी निर्वाचन क्षेत्र नम्बर १ बाट रास्वपाकी पुष्पाकुमारी चौधरी ३८ हजार १९५ मतसहित निर्वाचित भईन् । सप्तरी जिल्लाकी सक्रिय महिला राजनीतिकर्मी उनी राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधित्व गर्दै निर्वाचनमा होमिएकी थिईन् । उनले पार्टीकी सक्रिय सदस्यका रूपमा स्थानीय र राष्ट्रिय राजनीति दुवै क्षेत्रमा कृयाशिल >>> पृष्ठ २ मा

# प्रहरी दमनमा कारबाही सिफारिस

## विध्वंशको अनुसन्धानको जिम्मा प्रहरीलाई

"२३ भदौको घटनामा गोली हान्ने, हान्न लगाउने र रोक्न सक्ने अवस्था हुँदाहुँदै पनि नरोक्ने सबैलाई कानुनी कारबाही गर्न सिफारिस गरेका छौं"

■ **गौरीबहादुर कार्की**
**अध्यक्ष, जाँचबुझ आयोग**



**रूपेश आचार्य/मध्यान्न**
काठमाडौं, २४ फागुन

गत भदौ २३ को जेनजी आन्दोलनका घटनासम्बन्धी जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी ओलीसहित प्रहरी दमनमा संलग्नमाथि कारबाही गर्न सिफारिस गर्दै प्रतिवेदन बुझाएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीसमक्ष आइतबार छानबिन प्रतिवेदन बुझाउँदै २३ गतेका जिम्मेवार पदाधिकारीहरुलाई कारबाहीको सिफारिस गरेको हो । स्रोतका अनुसार, आयोगले भदौ २३ को प्रहरी दमनमा संलग्नलाई फौजदारी कसुरमा मुद्दा चलाउनसमेत सिफारिस गरेको छ । तर, कुन कुन पदाधिकारीलाई त्यसरी सिफारिस गरिएको छ भन्ने खुलेको छैन । २४ भदौंको विध्वंशका घटनाबारे भने विवरणहरु उल्लेख गरी त्यसबारेमा थप अनुसन्धान गर्नका सिफारिस गरेको छ ।

झण्डै एक हजार पृष्ठको प्रतिवेदन बुझाएपछि अध्यक्ष गौरीबहादुर कार्कीले भदौ २३ र २४ गते भएका घटनाको सुक्ष्म छानबिन गरिएको र दोषी देखिएका सबैलाई कानुनी कारबाहीको दायरामा ल्याउन सिफारिस गरिएको बताए । 'हामीले २३ गतेको घटनामा जो-जो दोषी छन्, जसका कारण हाम्रा किशोरहरू शहीद भए, उनीहरूलाई कानुनी कारबाही गर भनेर सिफारिस गरेका छौं,' उनले भने, 'त्यसमा गोली हान्ने, हान्न लगाउने र रोक्न सक्ने अवस्था हुँदाहुँदै पनि नरोक्ने सबै परेका छन् ।'

भदौ २४ गते भएको संसद भवन र सिंहदरबारलगायतका सार्वजनिक सम्पत्तिको आगजनी, राजनीतिक नेताहरुको घर, पार्टी कार्यालयको आगजनी, तोडफोड र लुटपाटका घटनामा भने 'मसिनो गरी अनुसन्धान' गर्नुपर्ने सिफारिस आयोगको छ । यसैगरी प्रहरीमाथिको आक्रमण र हत्याबारे पनि थप अध्ययन गरी संलग्न व्यक्ति पत्ता लगाउनुपर्ने उल्लेख गरिएको छ ।

विगतमा २०४६ र २०६२/६३ का जनआन्दोलनका घटना छानबिन गर्न बनेका प्रतिवेदन सरह थन्किने हो कि भन्ने प्रश्नको जवाफमा कार्कीले प्रधानमन्त्री सुशीला कार्कीलाई यसबारे प्रष्ट बताइएको जानकारी दिए । 'प्रतिवेदन कार्यान्वयन नभए अर्को आन्दोलन हुन्छ भन्ने कुरा हामीले प्रधानमन्त्रीलाई भनेका छौं', उनले भने ।

अध्यक्ष कार्कीले आयोगले केही काम पुरा गर्न नसकेकोले चुनावअघि नै प्रतिवेदन बुझाउन नसकिएको दाबी गर्दै चुनावको तिथि मितिसँग यसको साइनो सम्बन्ध नरहेको समेत बताए ।

आयोगका अर्का सदस्य विज्ञानराज शर्माले घटनामा संलग्न सबैको बारेमा तथ्य राखेर प्रतिवेदन राखेर बनाइएको बताए । 'हामीले प्रतिवेदन दिएका छौं अब त्यो सरकारको सम्पत्ति भयो । यसबारेमा के गर्ने ? सरकारले गर्छ', उनले भने । गल्ती गर्ने पक्षलाई अभियोग लगाइएको बताउँदै >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# श्रम मन्त्रालय चलाएका दुईले मात्र जिते चुनाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ फागुन

पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री तथा वैदेशिक रोजगार क्षेत्रसँग जोडिएका उम्मेदवारका लागि यसपटकको निर्वाचन परिणाम फलदायी रहेन । पूर्वश्रममन्त्री डोलप्रसाद अर्याल र पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङ प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए भने अन्यले हारको सामना गर्नुपऱ्यो । रास्वपाका उपसभापति पूर्वमन्त्री अर्याल काठमाडौं- ९ बाट निर्वाचित भए भने पूर्वराज्यमन्त्री गुरुङ मनाङबाट विजयी भएका हुन् ।

१८ पटकभन्दा बढी मन्त्री भइसकेका पूर्वश्रममन्त्री शरतसिंह भण्डारी महोत्तरी-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार दीपककुमार साहसँग पराजित भए । पूर्वश्रममन्त्री तथा एमाले सचिव गोकर्णराज विष्ट गुल्मी-२ मा पराजित भए । उनी रास्वपा उम्मेदवार गोविन्द पन्थीसँग पराजित भएका हुन् ।

वैदेशिक रोजगार व्यवसाय क्षेत्रको पृष्ठभूमि भएका उम्मेदवार पनि निर्वाचनमा पराजित भए । यसअघि दुईपटक निर्वाचन जितेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष लालप्रसाद साँवा लिम्बू पराजित भए । झापा-४ मा एमालेका तर्फबाट उम्मेदवार बनेका लिम्बू रास्वपा



उम्मेदवार शम्भुप्रसाद ढकालसँग पराजित भएका हुन् । संघका पूर्वअध्यक्ष तथा सल्लाहकार तिलकबहादुर रानाभाट, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष किरण किशोर घिमिरे पनि पराजित भए ।

कास्की-१ मा कांग्रेसबाट उम्मेदवार बनेका रानाभाट रास्वपाका खड्कराज पौडेलसँग पराजित भएका हुन् । कास्की-१ मा पौडेलले ३९ हजार ८८३ मत पाउँदा रानाभाटले ११ हजार २१४ मत पाए ।

त्यस्तै दाङ-२ मा नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बनेका एसोसिएसनका पूर्वअध्यक्ष घिमिरे रास्वपाका सहमहामन्त्री विपिनकुमार आचार्यसँग पराजित भए । आचार्यले ४३ हजार ५५९ मत पाउँदा घिमिरे भने ११ हजार ५५८ मतसहित तेस्रो स्थानमा रहे ।

यस्तै नेकपाको तर्फबाट इलाम-१ मा उम्मेदवार बनेका रनबहादुर राई पनि यो समाचार तयार पार्दासम्म पाँचौं स्थानाा रहेका छन् ।

# मतदाताले पत्याएनन् बदलिएको कांग्रेस



"समयको चापले गर्दा हामीले जनतामाझ कांग्रेस बदलिएर आएको छ भन्ने सन्देश दिन सकेनौं । यो परिणामलाई समीक्षा गर्दै आगामी यात्रा तय गर्छौं ।"

● **देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस



"कांग्रेसले विशेष महाधिवेशन गर्न ढिला गरेकाले यो अवस्था आयो । कांग्रेसको परिवर्तन लगनपछिको पोते भयो ।"

● **शंकर तिवारी**
**विश्लेषक**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २४ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसले इतिहासकै ठूलो हार बेहोरेको छ । विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन गरेर बदलिएको कांग्रेसको सन्देशसहित चुनावमा गएका सभापति गगन थापासमेत सर्लाही-४ मा अस्वीकृत भए ।

२०७९ को चुनावमा संसदको पहिलो दल रहेको कांग्रेस दोस्रो पुस्ताको नेतृत्वमा चुनावमा जाँदा १७ सीटमा खुम्चिएको छ । नेताहरूले निर्वाचनमा कम्तीमा १०० सिट पार गर्ने अपेक्षा राखेका थिए । चुनावका क्रममा नारा नै बनाईएको थियो- 'अबकि बार सय पार' । कम्तीमा ६० देखि ७० सीट प्रत्यक्ष र ३० सिट समानुपातिकबाट प्राप्त गर्ने कांग्रेसको लक्ष्य पूरा भएन ।

राष्ट्रिय स्वतन्त्र पार्टीको लहर चल्दा अनपेक्षित हार व्यहोर्नुपरेको नेताहरूको दाबी छ । जेनजी आन्दोलनपछि पूराना दलप्रतिको आकर्षण घट्दै जाँदा वैकल्पिक राजनीतिक शक्तिले आशा जगाएको मत परिणामले देखाएको छ । नयाँ नेतृत्व, नयाँ अनुहार र नयाँ नारा लिएर गए पनि मतदाताले यसपटका कांग्रेसलाई पत्याएनन् । >>> पृष्ठ २ मा

अजेन्ट आवश्यकता
डकुमेन्टेशन - ५ जना (महिला)
रिसेप्सनिस्ट - ५ जना (महिला)
योग्यता तथा अनुभव :
Salary Negotiable
▸ साउदी अरबको MOFA सम्बन्धी कार्यमा राम्रो ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ ।
▸ नेपालमा डोफे (DOFE) सम्बन्धी काम गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।
▸ सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यअनुभव अनिवार्य ।
Nepal HR Solution
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal,
Mobile: 9852651444, Tel: 01-01-4593555, Email: snepalhr@gmail.com

सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं ।
■ गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं ।
■ स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं ।
■ गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं ।
■ बच्चा जन्मनेवित्तिकै बिगौति दुध खुवाऔं ।
■ छ महिनासम्म आमाको दुध मात्र खुवाऔं ।
■ बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं ।
■ राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लगाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२५ फागुन २०८२ सोमबार
9 March 2026 Monday

# प्रदेश र स्थानीय तहमा लोकप्रिय, संघीय संसद्मा 'नो इन्ट्री'

भावना पाठक/मध्यान्ह
काठमाडौं, २४ फागुन






फागुन २१ मा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रदेश र स्थानीय तहबाट राजीनामा दिएर उम्मेदवार बनेका अधिकांश उम्मेदवारहरू पराजित भएका छन् । प्रदेश र स्थानीय तहमा लोकप्रिय भए पनि संघीय संसदमा भने मतदाताहरूले उनीहरूको उपस्थिति आवश्यक ठानेनन् ।

निर्वाचनका लागि बागमती प्रदेशका पाँच, मधेशका चार, लुम्बिनीका तीन र सुदूरपश्चिम प्रदेशमा एक गरी १३ जनाले राजीनामा दिएका थिए । यसरी राजीनामा दिनेमा नेकपाका पाँच, एमालेका तीन, राप्रपा, रास्वपा, नागरिक उन्मुक्ति, लोसपा र जनमतबाट एक/एकजना छन् ।

स्थानीय तहका जनप्रतिनिधि पनि संघीय चुनावमा होमिएका थिए । जसमा काठमाडौं महानगर प्रमुख बालेन्द्र शाह बालेन, भरतपुर महानगर प्रमुख रेनु दाहाल, धरान उपमहानगर प्रमुख हर्कराज साम्पाङ राई, नेपालगन्ज उपमहानगरपालिकाका उपप्रमुख कमरुद्दिन राई, टीकापुर नगरपालिकाका प्रमुख रामलाल डगौरा थारू, धुलिखेल नगर प्रमुख अशोककुमार ब्याञ्जु, ओखलढुंगाको लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापा, दयपुरको लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष मेजरकुमार राईलगायत छन् ।

जनमत पार्टी छाडेर स्वामिमान पार्टी गठन गरेका मधेशका पूर्वमुख्यमन्त्री सतिश कुमार सिंह सप्तरी- २ बाट पराजित भएका छन् । २०७९ भदौमा जनमत पार्टीमा प्रवेश गरेर सप्तरी २(१) बाट प्रदेशसभा सदस्य जितेका उनी जनमतबाटै २५ जेठ २०८१ देखि २८ असोज २०८२ सम्म मधेशको मुख्यमन्त्री भएका थिए । यो क्षेत्रमा रास्वपाका रामजी यादवले चुनाव जिते । उनीसँगै उपेन्द्र यादव, चन्द्रकान्त (सीके) रावत जस्ता हेभी वेइट भनिने नेताहरू पनि यो पटक चुनाव हारे ।

मधेश प्रदेशकै अर्का मुख्यमन्त्री सरोजकुमार यादव पनि प्रदेश सभाबाट राजीनामा दिएर महोत्तरी- ४ मा चुनाव लडेका थिए । उनी रास्वपाकी गौरी कुमारीसँग पराजित भए । २३ कातिक २०८२ मा मधेशको मुख्यमन्त्री भएका उनी २२ दिनमै अल्पमतमा परेर राजीनामा दिन बाध्य भएका थिए ।

काठमाडौं-६ (ख) बाट निर्वाचित प्रदेश सांसद अमनकुमार मास्के पनि प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार भए तर उनी पराजित भए । मास्के एमालेका केन्द्रीय सदस्यसमेत हुन् । प्रदेश मन्त्री भइसकेका उनी संघीय संसद छिर्न सकेनन् । बागमती प्रदेशका पूर्वसभामुख भुवनकुमार पाठक प्रदेश सांसदबाट राजीनामा दिएर प्रनितिधिसभा निर्वाचनमा होमिएका थिए । काठमाडौं-४ बाट निर्वाचन लडेका उनी रास्वपा उम्मेदवार पुकार बमको निकटम प्रतिद्वन्दीसमेत हुन सकेनन् ।

सुदूरपश्चिम प्रदेशसभा सदस्य तथा पूर्व प्रदेशमन्त्री प्रकाशबहादुर शाहलाई नेकपाले बाजुराबाट उम्मेदवार बनाएको थियो तर प्रदेशको इज्जत उनले बाजुराबाट जोगाउन सकेनन् । उनी विजयी भएका कांग्रेसका जनकराज गिरीभन्दा निकै पुछारमा रहे । बागमती प्रदेशको सांसद पदबाट राजीनामा दिएका नेपाली कांग्रेसका कुन्दनराज काफ्लेले भने संघीय संसदभित्र छिर्नलाई उम्मेदवारको टिकटसमेत पाएनन् । उनको ठाउँमा पत्रकार अजयावावु सिवाकोटीले टिकट पाए । यद्यपि उनी पनि विजयी हुन भने सकेनन् ।

प्रदेश सांसदमात्र नभई स्थानीय तहका जनाप्रनिधिले समेत राजीनामा दिएर संघीय संसद छिर्ने टिकट काटेका थिए । २०७९ वैशाखमा काठमाडौं महानगरमा मेयर बनेका बालेन्द्र शाह बालेनले झापा -५ बाट चुनाव जितेर सांसद बनिसकेका छन् । उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई हराए । यस्तै महत्वाकांक्षा बोकेर चितवनको भरतपुर महानगरबाट राजीनामा दिएर चुनाव लडेकी रेनु दाहाल भने रास्वापाकी उम्मेदवार सोविता गौतमसँग पराजित भइन् । भरतपुरमा उनको मेयरका रूपमा दोस्रो कार्यकाल थियो । स्थानीय तहमा राम्रै गरेको दावी गरे पनि उनलाई संघीय संसदमा भने जनताले पत्याएनन् । बरु काठमाडौं छोडेर गएकी सोवितालाई दोब्बर बढी मतले चितवनवासीले जिताइदिए । धुलिखेल नगर प्रमुख अशोककुमार ब्याञ्जु राजीनामा गरेर काभ्रे-२ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवार बनेका थिए । उनलाई एमालेले उम्मेदवार बनाएको थियो । संघीय संसदका चर्चित नेता गोकुल बास्कोटाले जित्दै आइरहेको यो क्षेत्रमा उनी रास्वपाका उम्मेदवार बदन भण्डारीसँग पराजित भए । एमालेको गढ मानिने यो क्षेत्रमा उनी तेस्रो स्थानमा रहे ।

धरानका मेयर हर्क साम्पांग पनि मेयरबाट राजीनामा दिएर संघीय सांसद बनिसकेका छन् । उनी पनि २०७९ को बैशाखमा धरानको मेयरका रूपमा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित भएका थिए । उनी अहिले श्रम संस्कृति नामको पार्टी दर्ता गरेर संसदीय राजनीतिमा होमिएका छन् ।

ओखलढुंगाको लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापाले पनि पदबाट राजीनामा दिएर ओखलढुंगाबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनिन् । रास्वपाका विश्वराज पोखरेल विजयी भएको यस क्षेत्रमा उनी तेस्रो नम्बरमा परिन् । स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापा पनि दोस्रो कार्यकाल पूरा नगर्दै स्याङ्जा क्षेत्र नं २ बाट नेकपा एमालेको तर्फबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बने पनि विजयी भने हुन सकेनन् । त्यस्तै सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिकाका प्रमुख पदबाट राजीनामा दिँदै नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट सोलुखुम्बुको प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बनेका असिम राई पनि विजयी हुन सकेनन् ।

वीरगञ्ज महानगरपालिका-१० का अध्यक्ष सुशील साह कानु र वडा नम्बर २० का अध्यक्ष रामकिशोर (पराग) सिंह प्रतिनिधिसभा सदस्यका उम्मेदवार बने तर निर्वाचित हुन सकेनन् । यस्तै धरान-१७ का वडाध्यक्ष मनोज भट्टराई पनि संसदीय राजनीतिका लागि प्रतिस्पर्धामा थिए । वडाध्यक्ष पदबाट राजीनामा दिएर उनले सुनसरी-१ बाट उम्मेदवारीको मनोनयन दर्ता गराएका थिए । तर विजयी हुन सकेनन् ।

प्रदेश सांसद र स्थानीय तहका प्रमुख, उपप्रमुखमात्र नभएर वडा सदस्यसमेत राजीनामा दिएर संघीय संसदभित्र छिर्ने प्रयास गरिरहेको यो निर्वाचनमा देखियो । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि भएको यो निर्वाचनमा अधिकांश नयाँ अनुहारहरू निर्वाचित भएका छन् । मतदाताले पुराना र टेष्टेड अनुहारलाई त्यति रुचाएको देखिदैन । काठमाडौं महानगरका मेयर बालेन र धरान उपमहानगरका मेयर हर्क साम्पाङबाहेक अरूले लोकप्रिय मत पाउन सकेनन् ।

यसैबीच नेपालगन्ज उपमहानगरको उपमेयरबाट राजीनामा दिएर बाँके-२ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार कमरुद्दीन राई पनि पराजित भएका छन् । उनी जनता समाजवादी पार्टी नेपालबाट उम्मेदवार बनेका थिए ।

# गण्डकीमा रास्वपाको वर्चश्व, एमाले निल

**गण्डकी/मस-** गण्डकी प्रदेशका कुल १८ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमध्ये १७ क्षेत्रको नतिजा सार्वजनिक भइसकेको छ । अब गोरखाका १ क्षेत्रको परिणाम आउन बाँकी छ । गोरखा-१ मा मतगणना जारी छ ।

परिणाम सार्वजनिक भइसकेका १७ निर्वाचन क्षेत्रमध्ये १४ वटामा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विजयी बनेका छन् भने दुई निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार जितेका छन् । एउटा क्षेत्रमा स्वतन्त्र उम्मेदवार विजयी बनेका छन् ।

गोरखाको क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कविन्द्र बुर्लाकोटी विजयी भएका छन् । आफ्ना निकट प्रतिस्पर्धीलाई करिब १५ हजार मतले हराउँदै उनी निर्वाचित भएका हुन् ।

अन्तिम मत परिणाम अनुसार बुर्लाकोटीले २६ हजार ६ सय ६० मत ल्याएका छन् भने उनका निकट प्रतिस्पर्धी नेपाली कांग्रेसका ११ हजार ७ सय मत ल्याएका छन् ।

उनीहरू बीचको मतान्तर १४ हजार ९ सय ६० छ ।

कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी बनेका छन् । कास्की-१ मा ३९ हजार ८ सय ३३ मतसहित खड्कराज पौडेल, कास्की-२ मा ३१ हजार ९ सय ११ मत ल्याएर उत्तमप्रसाद पौडेल र कास्की-३ मा बिना गुरुङ ३७ हजार ७ सय ५० मतसहित विजयी बनेकी छिन् । बागलुङका दुवै क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी बनेका छन् । बागलुङ-१ मा सुशील खड्का २० हजार ९ सय २७ र बागलुङ-२ मा सोम शर्मा १२ हजार ६ सय ४७ मतसहित विजयी भएका छन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार स्याङ्जाका दुवै क्षेत्रमा पनि रास्वपा उम्मेदवार विजयी बनेका छन् । स्याङ्जा-१ मा धनञ्जय रेग्मी र स्याङ्जा-२ मा झविलाल डुम्रे विजयी भएका छन् । रेग्मीले २९ हजार ३१ र डुम्रेले २५ हजार ३ सय ५४ मत प्राप्त गरे । तनहुँका दुवै क्षेत्रमा रास्वपाका उम्मेदवारले जितेका छन् । तनहुँ-१ मा स्वर्णीम वाग्ले ३८ हजार ४० मतसहित विजयी भएका छन् । तनहुँ-२ मा श्रीराम न्यौपाने ३२ हजार ६८७ मतसहित विजयी बनेका छन् ।

यस्तै नवलपुरका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवार विजयी बनेका छन् । नवलपुर-१ मा राजन गौतम र नवलपुर-२ मा मनिष खनाल विजयी बनेका छन् । गौतमले ५० हजार ९ सय ४५ र खनालले ४१ हजार ३ सय ४७ मत प्राप्त गरेका छन् । लमजुङमा रास्वपाका उम्मेदवार धर्मराज केसी ३३ हजार ८ सय ९८ मतसहित विजयी बनेका छन् । पर्वतमा रास्वपाकै सागर भुसाल २६ हजार ५ सय ६१ मतसहित विजयी बनेका छन् । म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी बनेका छन् । उनले २२ हजार ८ सय ५० मत प्राप्त गरेका छन् ।

मुस्ताङमा नेपाली कांग्रेसका योगेश गौचन थकाली तीन हजार ३ सय ७ मत ल्याएर विजयी बनेका छन् । मनाङमा पनि नेपाली कांग्रेसकै टेकबहादुर गुरुङ विजयी बनेका छन् । उनले दुई हजार ४ सय १५ मत ल्याएका छन् ।

तनहुँमा छ हजार मत बदर

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत तनहुँमा छ हजारभन्दा बढी मत बदर भएको छ । तनहुँका दुवै निर्वाचन क्षेत्रमा गरी छ हजार २ सय ५२ मत बदर भएको हो ।

जिल्ला निर्वाचन कार्यालय तनहुँले सबै वडामा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरे पनि मत बदर हुने क्रम नरोकिएको जनाएको छ ।

तनहुँ क्षेत्र नम्बर १ मा दुई हजार ७ सय ३० र क्षेत्र नम्बर २ मा तीन हजार ५ सय २२ मत बदर भएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिए ।

क्षेत्र नम्बर १ अन्तर्गत एक लाख २६ हजार ८ सय ८२ मतदाता रहेकामा ६८ हजार १ सय ४९ मत खसेको थियो । त्यसमध्ये ६५ हजार ४ सय १९ मत सदर भएको छ ।

क्षेत्र नम्बर २ अन्तर्गत ६६ हजार १ सय मत खसेकामा ६२ हजार ५ सय ७९ मत सदर भएको छ ।

मतपत्रमा एकभन्दा बढी चिह्न लगाउने, गलत स्थानमा छाप लगाउने तथा खाली मतपत्र हाल्ने जस्ता कारणले मत बदर भएको लम्सालको भनाइ छ ।

## अर्को...

अगाडि बढ्नेछ । समानुपातिकतर्फको मतगणना सकिएसँगै सम्बन्धित दलले पाएको मतका आधारमा सांसद संख्या चयनको प्रक्रिया अगाडि बढ्नेछ । सांसद संख्या चयनका लागि दलहरूलाई तीन देखि चार दिन समय लाग्ने अनुमान आयोगको छ । त्यसपछि दलहरूको संसदीय दलको बैठक बस्छ र संसदीय दलको नेता चयन हुन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एकल सरकार बनाउने गरी स्पष्ट बहुमत ल्याएकाले रास्वपाले चय गर्ने संसदीय दलको नेता नै प्रधानमन्त्री हुनेछन् । चुनाव अगाडि नै बालेनलाई भावी प्रधानमन्त्रीको रुपमा प्रस्तुत गरिएकाले उनकै नेतृत्वमा नयाँ सरकार बन्ने रास्वपाका नेताहरू बताउँछन् ।

रास्वपाकी सचिवालय सदस्य सोविता गौतमले. यसअघि नै बालेनको नेतृत्वमा नयाँ सरकार बन्ने बताएकी छन् । उनले आइतबार चितवनमा पत्रकारहरूसँग भनेकी थिइन्, 'चुनावभन्दा अगाडि नै पार्टीले बालेनलाई प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरिरहेको छ । उहाँकै नेतृत्वमा नयाँ सरकार बन्नेछ ।'

नेपालको संविधानको धारा ७६ को उपधारा १ मा बहुमत प्राप्त दलको नेतृत्वमा सरकार गठन हुने व्यवस्था छ । धारा २६ को उपधारा १ मा भनिएको छ, 'राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुनेछ ।' रास्वपाको एकल बहुमत आउने निश्चित भएकाले अब सरकार बनाउन अन्य व्यवस्थातर्फ जानुपर्ने छैन ।

प्रत्यक्षतर्फ मात्रै पनि रास्वपाले आइतबार साँझसम्म १२२ सिटमा जित निकालेको छ भने तीन सिटमा अग्रता लिइरहेको छ । नेपाली कांग्रेसले १७ सिट जितेको छ ।

नेकपा एमालेले सात सिट जितेको छ भने तीन सिटमा अग्रता लिइरहेको छ । नेपाली कम्युनिस्ट पार्टीले सात सिट जितेको छ । श्रम संस्कृति पार्टीले तीन सिट जितेको छ भने स्वतन्त्र उम्मेदवार महाविर पुनले पनि चुनाव जितेका छन् ।

## बढे...

भएकै आधारमा उनि भारी मतले निर्वाचित भईन् ।

४६ वर्षीया चौधरी पार्टीले विश्वास गरेर टिकट दिए भने महिला पनि सहजै जित्न सक्ने बताउँछिन् । 'जिल्लास्तरमा राजनीति गर्दै आएको थिएँ, चुनाव लड्न पार्टीमा दावी गरेँ । टिकट लिएर मैदानमा होमिएँ र जितेँ' उनले भनिन् । उनी पहिलोपटक चुनावमा प्रतिस्पर्धा गरेकी हुन् ।

प्रत्यक्ष निर्वाचनमा महिलाले जित्दैनन् भनेर पार्टीले टिकट दिँदैनन् । तर, फागुन २१ गतेको निर्वाचनले प्रत्यक्षमा नै १४ जना महिला उम्मेदवार निर्वाचित भएका छन् । प्रत्यक्षतर्फका १६५ क्षेत्रका लागि ३ हजार ४०६ जनाको उम्मेदवारी परेको थियो । तीमध्ये ३८८ जना महिला उम्मेदवार थिए । जसमा विभिन्न दलबाट २३१ उम्मेदवार बनेका थिए भने १५७ जना स्वतन्त्र महिला उम्मेदवार थिए । यी मध्ये १४ जना महिला उम्मेदवार विभिन्न दलबाट निर्वाचित भएका छन् । निर्वाचित हुने महिला उम्मेदवारमा १२ जना रास्वपाका हुन् भने एक जना नेपाली कांग्रेसकी हुन् । नेपाली कांग्रेसले ११ जना महिला उम्मेदवारलाई चुनावमा उठाएको थियो । तीमध्ये दैलेख १ बाट बासना थापा निर्वाचित भएकी हुन् ।

यस्तै, नेकपा एमालेले १० जना महिला उम्मेदवार बनाएको भए पनि कसैले पनि चुनाव जितेनन् । नेकपाले ११ जना र राप्रपाले १० जना महिला उम्मेदवारलाई चुनाव उठाएको थियो । तर, यी कुनै उम्मेदवारले पनि चुनाव जित्न सकेनन् । रास्वपाले प्रत्यक्षतर्फ १७ जना महिला उम्मेदवारलाई चुनावी मैदानमा उठाएको थियो । तीमध्ये १२ जना निर्वाचित भएका हुन् ।

### बढ्दो ग्राफ

यसपटकको निर्वाचनमा प्रत्यक्षतर्फ १६५ सिटका लागि ३८८ जना महिला उम्मेदवार थिए । त्यसमध्ये १४ जना महिला उम्मेदवार निर्वाचित भए । यो अघिल्लो निर्वाचनको तुलनामा बढी हो । २०७९ को चुनावमा २२७ जना महिला उम्मेदवार थिए । तर, जम्मा ९जनाले चुनाव जितेका थिए । २०७४ मा महिला उम्मेदवारको संख्या १४६

थियो तर, ६ जनाले मात्रै चुनाव जितेका थिए ।

२०६४ र २०७० मा संविधानसभा ६०१ सदस्यीय थियो । त्यसबेला २०७० मा ६६७ महिला उम्मेदवार थिए तर १० जनाले मात्रै चुनाव जिते । २०६४ मा भने ३० जना महिला उम्मेदवारले चुनाव जितेका थिए । त्यसबेला महिला उम्मेदवारको संख्या भने ३६३ थियो ।

२०५६ मा १४२ जना महिला उम्मेदवार मैदानमा हुँदा १२ जनाले चुनाव जितेका थिए । २०५१ मा ८६ जना महिला उम्मेदवार हुँदा ७ जनाले चुनाव जितेका थिए । २०४८ मा महिला उम्मेदवार ८० जना हुँदा ८ जनाले चुनाव जितेका थिए । पहिलो आम निर्वाचन २०१५ मा ७ जना महिला उम्मेदवार हुँदा एक जनाले चुनाव जितेका थिए ।

### गुणात्मक उपस्थितिको खाँचो

संख्यात्मक रुपले पहिलेका निर्वाचनभन्दा सकारात्मक देखिए पनि त्यो उपस्थिति गुणात्मक हुनुपर्ने समाजशास्त्री डा मिना पौडेल बताउँछिन् ।

'युवा महिलाहरु आए पनि अनुभव नभएको उनले बताईन् । 'पार्टीहरु लैगिंक संवेदनशिल भएर एजेण्डाप्रति संवेदनशिल भएर, राजनीति विचार बोकेका महिलाहरुलाई हेरेर उठाएका हैनन्,' उनले भनिन्, 'झेलमा आएका हुन्, मुख्य कुरा सदनमा के मुद्दा उठाउँछन् भन्ने महत्वपुर्ण कुरा हुन्छ ।' महिलाले अवसर पाए गर्छन भन्ने विश्वास गर्छिन्, अधिकारकर्मी डा रणु अधिकारी । तर टिकट दिन रास्वपाले पनि कञ्जुस्याई गरेको उनको टिप्पणी छ ।

'महिलालाई ३३ प्रतिशत उठाउनु पर्ने हो, १७ प्रतिशत मात्रै सिट दिएका छन्', उनले भनिन् ' दिनुपर्ने सिट दिएको भए अलि धेरै महिला सहभागिता हुन्थ्यो ।'

पार्टीको स्पष्ट अडान, निर्देशन नहुँदा कहिलेकाँही केही अफठेरो अलमल पर्न सक्ने उनले बताईन् ।

'तर अनुभव भएका पनि छन्, पहिलोचोटी आएका पनि छन्, काम गर्छन भन्ने विश्वास लागेको छ,' अधिकारीले भनिन् ।

### रास्वपाबाट धेरै

चुनाव जित्ने महिला उम्मेदवार हरूमा रास्वपाका धेरै छन् । झापा-२ बाट रास्वपाकी इन्दिरा रानामगर ६० हजार ११० मतसहित विजयी भइन् ।

उनले निवर्तमान सभामुखसमेत रहेका एमालेका देवराज घिमिरेलाई ४८ हजार ७४२ मतान्तरले पछि पार्दै जित हासिल गरिन् । चितवन-३ बाट रास्वपाकी सोविता गौतमले जित हासिल गरेकी छन् । निवर्तमान सांसदसमेत रहेकी गौतमले नेकपाकी रेनु दाहाललाई भारी मतान्तरले पछि पार्दै जित हासिल गरेकी हुन् । सोविताले ५९ हजार २७७ मत ल्याउँदा रेनु २० हजार ६१५ मत मात्र ल्याएकी थिईन् । मोरङ-६ बाट ५५ हजार ५१३ मतसहित रास्वपाकी रुविना आचार्य विजयी भएकी छन् । उनले कांग्रेसका शेखर कोइरालामाथि जित निकालेकी हुन् । उनले कोइरालालाई ४२ हजार ६६३ मतान्तरले पछि पारेर जित निकालेकी हुन् ।

झापा- १ बाट ४५ हजार ६८० मतसहित रास्वपाकै निशा डाँगी विजयी भएकी छन् । उनले नेपाली कांग्रेसका उम्मेदवार केशवराज पाण्डेलाई झण्डै ३५ हजार मतान्तरले पछि पारिन् । सर्लाही- १ बाट नीतिमा भण्डारी कार्की ४४ हजार १८१ मतसहित विजयी भएकी छन् । उनका प्रतिद्वन्द्वी कांग्रेसका उम्मेदवार शम्भुलाल श्रेष्ठले ७ हजार ८७१ मत मात्रै पाएका छन् ।

ललितपुर- ३ बाट डा तोसिमा कार्की ४३ हजार ९६ मतसहित विजयी भएकी छन् । उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका उम्मेदवार जितेन्द्रकुमार श्रेष्ठले ९ हजार ४५ मत प्राप्त गरेका छन् । धादिङ- १ बाट एमालेका भूमिप्रसाद त्रिपाठीलाई पराजित गर्दै रास्वपाकी आशिका तामाङ विजयी भएकी छन् । उनले ३९ हजार १२८ मत प्राप्त गर्दा त्रिपाठीले १५ हजार ३१ मत मात्रै ल्याएका छन् ।

सप्तरी- १ मा पनि रास्वपाकै महिला उम्मेदवार पुष्पाकुमारी चौधरी विजयी भइन् । उनले ३८ हजार १९५ मतसहित स्वाभिमान पार्टीका सुमित कुमारलाई पराजित गरेकी हुन् । कास्की- ३ मा बिना गुरुङ ३७ हजार ७५० मतसहित विजयी भएकी छन् । उनले कांग्रेसका उम्मेदवार मनोज गुरुङलाई पराजित गरेकी हुन् । गुरुङले १२ हजर ७८० प्राप्त गरे । मोरङ- ५ बाट आशा झा ३० हजार ४३४ मतसहित विजयी भइन् । उनका प्रतिद्वन्द्वी कांग्रेसका फूलकुमार लालवानीले ९ हजार ४१५ मत प्राप्त गरका थिए ।

कैलाली- १ बाट पनि रास्वपाकी महिला उम्मेदवार विजयी भएकी छन् । सो निर्वाचन क्षेत्रमा कोमल ज्ञवाली १७ हजार ८२६ मतसहित विजयी भइन् । उनले कांग्रेसका उम्मेदवार जनकराज चौधरीलाई पराजित गरेकी हुन् । चौधरीले १२ हजार ८७६ मत प्राप्त गरे । काठमाडौं- १ बाट रञ्जु न्यौपाने (दर्शना) १५ हजार ४५५ मतसहित विजयी भएकी छन् । यस क्षेत्रमा उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका प्रवल थापाले ६ हजार ३६४ मत पाएका छन् । रास्वपाकी अर्की महिला उम्मेदवार गौरी कुमारीले महोत्तरी- ४ मा अग्रता बनाएकी छन् । उनले अहिलेसम्म २६ हजार ८९० मत पाएकी छन् भने जनता समाजवादी पार्टी नेपालका सुरेन्द्रकुमार यादवले अहिलेसम्म ६ हजार ३०८ मत पाएका छन् ।

### कांग्रेसबाट बासना

कांग्रेसबाट एक जना मात्रै महिला उम्मेदवारले प्रत्यक्ष चुनाव जितेकी छन् । दैलेख- १ बाट बासना थापाले १२ हजार ३७२ मतसहित चुनाव जितेकी हुन् ।

उनले एमाले उम्मेदवार रवीन्द्रराज शर्मालाई ४७६ मतले पछि पार्दै जित आफ्नोपक्षमा परेकी हुन् । एमाले उम्मेदवार शर्माले ११ हजार ७९६ मत ल्याएका थिए ।

बासनाको यो जितसँगै १२ वर्षपछि कांग्रेसले कम्युनिस्टको गढ भत्काएको छ । उनी यस भन्दा पहिले पनि मेयरमा पनि उठेकी थिईन् तर त्यसबेला निर्वाचित हुन सकेकी थिइनन् ।

## प्रहरी...

उनले सुरक्षातर्फ भएका कमी कमजोरीलाई पनि औंल्याइएको जानकारी दिए । 'पहिलो ब्यारिकेट तोड्ने कुरा देखिनै त्यहाँ सक्युरिटी ल्याप्सेज भएका छन् । त्यो कुरा हामीले प्रतिवेदनमा औंल्याएका छौं', उनले थपे । आयोगले साक्षी, पीडितलगायत गरी करिब २ सय जनासँग बयान लिएको शर्माले जनाए ।

## मतदाताले...

सभापति गगन थापासहित सबै पदाधिकारीले पराजय भोगेका छन् । थापाले सर्लाही ४ मा रास्वपाका अमरेशकुमार सिंहसँग फराकिलो मतान्तरले चुनाव हारे । सिंहले ३५ हजार ६८८ मत ल्याउँदा गगन २२ हजार ८३१ मै रोकिए । त्यस्तै, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरेले पनि चुनाव जित्न सकेनन् । सहमहामन्त्रीहरु उदयशम्शेर राणा, फरमुल्लाह मन्सुर, प्रकाश रसाइली स्नेही लगायत अरु पदाधिकारीहरूका लागि पनि यसपटकको चुनाव प्रतिकुल बन्न पुग्यो । कांग्रेसका चर्चित नेताहरू डा शेखर कोइराला, डा मिनेन्द्र रिजाल, सुनिल शर्मा, विमलेन्द्र निधि, विजय गच्छादार, चन्द्र भण्डारी,प्रकाशशरण महत, एजपी साउद, नैनसिंह महरले समेत चुनाव हारे । यो परिणामलाई कांग्रेसले अनपेक्षित परिणामका रूपमा लिएको छ । उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसालले उम्मेदवार नभएरै चुनावी कमाण्ड हाँकेका थिए ।

कांग्रेस पनि गत भदौमा भएको जेनजी आन्दोलनको घानमा परेको देखिन्छ । आन्दोलनका बेला कांग्रेस-एमालेको गठबन्धन सरकार थियो । आन्दोलनका क्रममा ठूलो भौतिक तथा मानविय क्षति भएपछि कांग्रेसभित्र एकाथरि नेताहरूले आन्दोलनको मर्म र भावना अनुसार पार्टीमा नीति र नेतृत्व बदल्ने अभियान चलाए । अर्कोथरि आम निर्वाचनपछि मात्रै पार्टीको आन्तरिक संरचना बदल्ने अड्की कसे । लामो रस्साकस्सीपछि विवादकै बिच विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन गरियो । त्यसको बैधानिकतामाथि अहिले पनि सर्वोच्च अदालतमा मुद्दा विचाराधिन छ ।

विशेष महाधिवेशनको विपक्षमा रहेका नेताहरूको असहयोगकाबीच नागरिकस्तरमा कांग्रेसको माहोल बदलेको नयाँ नेतृत्व चुनावमा गएको थियो । तर, नयाँ नेतृत्वले मतदातामा खासै आशा जगाउन नसकेको मत परिणामले देखाउँछ । कांग्रेसका प्रवक्ता देवराज चालिसे जेनजी आन्दोलनकको मर्म र भावनाअनुसार पार्टीको संरचनागत सुधार गरेर जनतामा गएकाले जनमतमा सुधार हुन्छ भन्ने अपेक्षा गरिए पनि परिणाम सन्तोषजनक नआएको बताउँछन् । यद्यपि कांग्रेसले जनादेशलाई सहर्ष स्वीकार्दै आगामी दिनमा जनताको सेवामा थप समय खर्च गर्ने उनले बताए । 'समयको चापले गर्दा हामीले जनमतलाई कांग्रेस बदलिएर आएको छ भन्ने सन्देश दिन सकेनौं', प्रवक्ता चालिसेले मध्यान्हसँग भने, 'बदलिएको कांग्रेसले देश बदल्छ भन्ने सन्देश मतदातासँग पुऱ्याउन नसकेको परिणाम हो यो । तर, हामीले जनादेशलाई स्वीकार गर्दै आगामी दिनमा थप सच्चिएर जाने प्रण गर्दछौं ।'

विशेष महाधिवेशनलाई अस्वीकार गर्दै यही नेतृत्वबाट टिकट लिएका नेताहरू र विशेष महाधिवेशनको पक्षमा लागेका अधिकांश नेताहरूले चुनाव हारेपछि कांग्रेसभित्रको कलह चुलिने अवस्थामा छ । अहिले निवर्तमान सभापति शेरबहादुर देउवानिकट नेताहरूले विशेष महाधिवेशनको औचित्य सकिएको भन्दै सभापति थापामाथि खनिएका छन् । उपसभापति शर्माले चुनावी हारको समीक्षा गरेर पार्टी अगाडि बढ्ने बताउँदै आएका छन् ।

'बदल्यौं कांग्रेस, बदल्छौं देश' भन्ने नारासहित जनतामाझ पुगेको कांग्रेसलाई आम मतदाताले अपेक्षाकृत समर्थन नगरेपछि पार्टी नेतृत्वमाथि नैतिकताको दबाब बढेको छ । विशेष अधिवेशन समयभन्दा ढिला गरिएका कारण अनपेक्षित परिणाम बेहोर्नु परेको विश्लेषक शंकर तिवारीले बताए । 'कांग्रेसले विशेष महाधिवेशन गर्न ढिला गरेकाले यो अवस्था आयो', उनले भने, 'कांग्रेसको परिवर्तन लगनपछिको पोते भयो ।'

उनका अनुसार, पूरानै नेतृत्वमा कांग्रेस चुनावमा गएको भए कांग्रेसले थप क्षति बेहोर्नुपर्ने हुनसक्थ्यो । निर्वाचन परिणामलाई समीक्षा गर्दै विशेष महाधिवेशनलाई समेत संस्थागत गरेर अघि बढ्नुपर्ने तिवारी बताउँछन् । त्यसका लागि ढिलोमा आउँदो मंसिरसम्म नियमित महाधिवेशन गर्नुपर्ने उनले बताए ।

### प्रदेशगत प्रतिनिधित्व कायम, घट्दो जनमत

प्रत्यक्षतर्फ १७ सीटमा खुम्चिए पनि कांग्रेसको सबै प्रदेशमा प्रतिनिधित्व भने भएको छ । कोशीमा पाँचथरबाट नरेन्द्रकुमार केरुङ, तेह्रथुमबाट सन्तोष सुब्बा र सोलुखुम्बुबाट प्रकाश सिंह कार्की विजयी भएका छन् । मधेश प्रदेशबाट रौतहट २ मा मोहम्द फिरदोश आलम, बागमती प्रदेशबाट रसुवाका मोहन आचार्य, गण्डकीमा मनाङबाट टेकबहादुर गुरुङ र मुस्ताङबाट योगेश गौचन थकाली विजयी भएका छन् ।

त्यस्तै लुम्बिनीमा पाल्पा १ बाट सन्दीप राना, कपिलवस्तु ३ मा अभिषेक प्रताप शाह, कर्णालीबाट मुगुका खड्ग शाही, हुम्लाका जयपती रोकाया, जाजरकोटमा खडकबहादुर बुढा, दैलेख १ मा बासना थापा र सुर्खेत १ मा विष्णुबहादुर खड्काले जितेका छन् । सुदूरपश्चिमबाट बाजुरा १ मा जनकराज गिरी, अछाम १ मा भरत कुमार स्वार र डोटीबाट भरतबहादुर खड्का विजयी भएका छन् । आइतबार रातीसम्मको समानुपातिक मतपरिणाम अनुसार कांग्रेसले दश लाख मत कटाएको छ । करिव ९ लाख क्रियाशील सदस्यता बनाएको कांग्रेसले २०७९ को आमनिर्वाचनमा २७ लाख १५ हजार २२५ (२५.७१ प्रतिशत) मत प्राप्त गरेको थियो । जुन २०७४ को निर्वाचनमा पाएको ३२.७७ प्रतिशत भन्दा कम थियो । ०७४ मा समानुपातिक तर्फ कांग्रेसले करिव ३३ लाख मत पाएको थियो । त्यसबेला प्रत्यक्षतर्फ २३ र समानुपातिकतर्फका ४० गरी कांग्रेसका ६३ सांसद थिए । बदलिएको नारा लिएर जनतामाझ गएको कांग्रेस यस पटकको निर्वाचनमा बलियो प्रमुख प्रतिपक्ष बन्न समेत नसक्ने अवस्थामा पुगेको छ ।

मध्यान्ह
www.madhyanhadaily.com



# राज्यका नीतिनिर्माण तहमा महिलालाई समावेश गर्न आवश्यक छ : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले राज्यका नीतिनिर्माण तहमा महिलालाई ल्याउन आवश्यक भएको बताएकी छिन् ।

एक सय सोह्रौं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रमा उनले समाजमा पछि परेका, विकासको मूलधारबाट वञ्चित महिला बढी प्रताडित हुनुपरेको बताइन् ।

प्रधानमन्त्रीले भनिन्,'विशेषगरी दलित महिला, कर्णालीका महिला, मधेशका महिला तथा सीमान्तकृत समुदायका महिलाको आवाज राज्यका नीतिनिर्माण तहसम्म पुऱ्याउन अपरिहार्य भएको छ ।'

दलित, मधेश, कर्णालीलगायत सीमान्तकृत महिलाका अवस्थामा अझै सुधार नआएको उनले बताइन् ।

महिलालगायत विकासको मूल धारबाट पछि परेको वर्गलाई मूल धारमा समाहित गर्ने तथा अवसर र स्रोतहरुमा पहुँच सुनिश्चित गर्नुपर्नेमा प्रधानमन्त्री कार्कीले जोड दिइन् ।

राष्ट्रनिर्माणमा प्रत्येक नागरिकको सम्मानयुक्त सहभागिता सुनिश्चित गर्नु नै लोकतन्त्रको मूलमन्त्र हुनुपर्ने उनको कथन थियो ।

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनको मूल आवाज पनि समानता र सुशासनका निम्ति थियो भन्दै प्रधानमन्त्री



कार्कीले अन्याय, विभेद र असमानता अन्त्य गर्न समाजका हरेक वर्गबाट सक्रिय सहयोग हुनुपर्नेमा जोड दिइन् ।

'हाम्रो संविधानले महिला अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ', उनले भनिन्,'संविधानले नै समान प्रतिनिधित्व, समावेशी सहभागिता, लैङ्गिक समानता र सामाजिक न्यायलाई राज्य व्यवस्थाको आधारका रूपमा स्थापित गरेको छ ।'

कार्यक्रममा महिला अधिकारकर्मीहरुले महिला सशक्तिकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा सहभागीहरूले मुलुक निर्माणमा महिला सहभागिता अर्थपूर्ण बनाउन राज्यले अवसर सिर्जना गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा सहभागी महिला तथा मानव अधिकारकर्मीले महिला सशक्तिकरणका लागि आर्थिक, शैक्षिक, सामाजिकलगायत पक्षमा महिला सक्षम हुनुपर्ने भएकाले राज्य र सरोकार भएका निकायले शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पर्याप्त लगानी वृद्धि गरी अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन् ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिलाहरू अझै पनि अवसरबाट वञ्चित रहेका उदाहरण दिँदै चेतना र मानव जागरणका लागि सबैको सहकार्य र समन्वयमा अभियान सञ्चालन गर्नुपर्ने बताए । कानुन निर्माण गरेर मात्रै समानता सुनिश्चित नहुने बताउँदै कार्यान्वयनको पक्षमा राज्यले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले तुलनात्मक रूपमा महिलाको क्षमता र पहुँचमा विकास भए पनि हिंसा, असमानता र अमानवीय क्रुरताबाट अझै पीडित रहेको बताइन् । महिला समानता शब्दमा मात्र सीमित नराखी नीतिमा स्पष्टता आवश्यक रहेकामा उनले जोड दिइन् ।

'समाजमा दुई महिनाकी बच्चीदेखि ८० वर्षकी आमासमेत सुरक्षित छैनन्' उनले भनिन्,'महिला सशक्तिकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्छ । प्रभावकारी कानुन निर्माण गरी कार्यान्वयन गर्नु, चेतनाकोस्तर वृद्धिका लागि अभियान पनि सँगसँगै सञ्चालन गर्नुपर्छ ।'

महिला अधिकारकर्मी चाँदनी जोशीका अनुसार घरमा महिलाले परिवार सम्हाल्नसक्नु भनेको मुलुकका लागि सहजनशक्ति निर्माण गर्न योगदान दिनु रहेको बताइन् ।

'गृहणी भएर परिवारको जिम्मेवारी महिलाले उठाइदिँदा महिलाले राज्य निर्माण सहयोग गरिरहेका हुन्छन् । यसलाई संस्थागत मान्यता दिन जरुरी छ', उनले भनिन् । उनले राज्यले महिलामाथि अपेक्षा गरेअनुसारको लगानी पनि गर्न आवश्यक रहेको बताइन् ।

# विषम परिस्थितिमा निर्वाचन गराउन सरकार सफल : कानुनमन्त्री

**काठमाडौं/मस-** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले विषम परिस्थितिमा निर्वाचन गराउन सरकार सफल भएको बताएका छन्।

आइतबार निर्वाचन आयोगमा भएको समीक्षा बैठकपछि उनले विषम अवस्थामा निर्वाचन गराउने दायित्वसहित गठन भएको सरकारले मुख्य काम सम्पन्न गरेको बताए । सुरक्षा निकायको समन्वय र सरकारले स्रोत, साधनको समयमै व्यवस्था गरिदिएर निर्वाचन सम्पन्न गराउन सहयोग गरेको मन्त्री सिन्हाको भनाइ थियो ।

'विभिन्न खालका दबाब आउँदा पनि आयोगले निर्वाचन कार्यतालिकामा हेरफेर नगरी काम गरेर समयमै निर्वाचन सम्पन्न गराउन नेतृत्वदायी भूमिका खेलेको छ,' उनले भने, 'निर्वाचनको वातावरण बनाउन विभिन्न राजनीतिक दलसँग समन्वय भएको थियो ।'

उनले मतदानअघि सुरक्षा निकायलाई स्वार्थ अनुकुल परिचालन नगरे राम्रो परिणाम



निस्कन्छ भन्ने यो निर्वाचनबाट देखिएको समेत उल्लेख गरे ।

मन्त्री सिन्हाले निर्वाचनबाट असल संस्कृतिको सुरुवात भएको बताए । अब बन्ने सरकारले बदलाको भावनाले काम नगरी जनतालाई सहज सेवा दिई आर्थिक समृद्धिका लागि काम गर्नुपर्ने उनको सुझाव छ ।

नयाँ संसद् भवनमा संसद्को पहिलो बैठक

निर्वाचित सांसदको बैठक बोलाउन संसदीय मामिला मन्त्रालयले न्यूनतम् आवश्यकता पूरा गर्ने मन्त्री सिन्हाले बताए । सिंहदरबारभित्र निर्माणाधिन नयाँ संसद् भवनमै संसद्को पहिलो बैठक बोलाउने गरी तयारी भइरहेको पनि मन्त्री सिन्हाले जानकारी दिए । सोमबारदेखि नै संसद्को अधिवेशन तयारीका लागि थप काम गरिने जानकारी पनि उनले बताए । समीक्षा बैठकमा गृहमन्त्री ओमप्रकाश अर्याल, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा.जानकीकुमारी तुलाधर र सगुनशम्शेर राणा, आयोगका सचिव कृष्णबहादुर राउत, सुरक्षा निकायका प्रमुखलगायत उच्च अधिकारीहरुको सहभागिता थियो ।

# काभ्रेका आधा उम्मेदवारले सय मत कटाउन सकेनन्

**काभ्रेपलाञ्चोक/मस-** बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा काभ्रेपलाञ्चोकको उम्मेदवारी दिएकामध्ये आधाले एक सय मत कटाउन सकेनन् । जिल्लाका दुवै निर्वाचन क्षेत्रमा ४२ उम्मेदवार थिए । यसमध्ये ११ स्वतन्त्र उम्मेदवार छन् । १ नं क्षेत्रमा ७ र २ नं क्षेत्रमा १४ उम्मेदवारले एक सय मत पनि कटाउन नसकेका हुन् ।

काभ्रेपलाञ्चोक-१ मा सात उम्मेदवारले एक सयभन्दा कम मत प्राप्त गरेका छन् ।

यस क्षेत्रमा चार उम्मेदवारले एक हजारभन्दा कम मत ल्याएका छन् । सय मत नकटाउनेमा जनता समाजवादी पार्टी नेपालका मानबहादुर तामाङले ७१, नेपाल मजदुर किसान पार्टीका राजु तामाङले ५२ र प्रगतिशिल लोकतान्त्रिक पार्टीका ज्ञानेन्द्रकुमार श्रेष्ठले ५६, समावेशी समाजवादीका विनोद लामाले ५०, नेशनल



रिपब्लिकन नेपालका भरत तामाङले ३५ तथा स्वतन्त्र उम्मेदवार जीवन लामाले ९४ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । यस क्षेत्रमा स्वतन्त्र उम्मेदवार युवराज चौलागाईंले सबैभन्दा कम अर्थात् सात मत प्राप्त गरेका छन् ।

यस क्षेत्रमा एक हजारभन्दा कम मत ल्याउनेमा राष्ट्रिय प्रजातन्त्र पार्टीका नवराज सत्यालले ६ सय ९९, श्रम संस्कृति पार्टीका धीराज लामाले २ सय ८७, मंगल नेशनल अर्गनाईजेशनका कमलबहादुर लामाले १ सय ५६ मत, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का कान्छा तामाङले १ सय ४९, संयुक्त नागरिक पार्टीका रत्न लामाले १ सय १४ तथा स्वतन्त्र उम्मेदवार राजेशकुमार श्रेष्ठले १ सय ६९ मत प्राप्त गरेका हुन् ।

काभ्रेपलाञ्चोक-२ मा भने दर्जनभन्दा बढी उम्मेदवार ५० मतभन्दा कममा सीमित भएका छन्। निर्वाचन अधिकृतको कार्यालयअनुसार मितेरी पार्टी नेपालका हरिबहादुर थापाले १०, नेशनल रिपब्लिकन नेपालका सुकमान तामाङले १५, मंगोल नेशनल अर्गनाइजेशनका उमेश लामाले २८, नेकपा संयुक्तका राजन थापाले २८, जनता समाजवादी पार्टीका रकम लामाले ३२, राष्ट्रिय जनमोर्चाका सुवर्णविक्रम थापाले ३९ मत तथा स्वतन्त्र उम्मेदवारहरू केशवराज तिमिल्सिनाले चार, लेनिन विष्टले आठ, गणेशप्रसाद अधिकारीले ११, विष्णुकुमार श्रेष्ठले १३, सीताराम मैनालीले २१, उमेश थापाले २६, डिल्लीप्रसाद न्यौपानेले ३१ र आशा तामाङले ५९ मत मत प्राप्त गरेका हुन् ।

# मुचुल्का र मतपेटिकाको मतसंख्या फरक परे 'मतपेटिकाकै मत' आधिकारिक मानिने

**काठमाडौं/मस-** निर्वाचनका क्रममा मतदान अधिकृतले तयार पारेको मुचुल्का प्रतिवेदन र मतपेटिकाभित्र भेटिएको प्रत्यक्ष मतसंख्याबीच केही स्थानमा फरक परेको पाइएपछि निर्वाचन आयोगले त्यसमा स्पष्ट कानूनी व्यवस्था अनुरूप अघि बढ्न निर्देशन दिएको छ ।

ओखलढुंगा लगायतका केही जिल्लामा यस्तो समस्या देखिएपछि आयोगले देशभरका लागि एकरूपता हुनेगरी निर्णय कार्यान्वयन गराएको हो । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रकाश भट्टराईले यस्तो मानवीय त्रुटिका कारण मतदान अधिकृतले दिएको प्रतिवेदन (मुचुल्का) र मतपेटिका खोल्दा निस्किएको मतसंख्या बीच तलमाथि पर्नसक्ने अवस्थालाई मध्यनजर गर्दै आयोगले मतगणना निर्देशिकामा नै स्पष्ट व्यवस्था गरेको छ । यस स्पष्ट व्यवस्थाले गर्दा मतगणना स्थलमा हुनसक्ने



सम्भावित विवादहरू समाधान गर्न र मतगणना कार्यलाई सुचारु राख्न मद्दत पुगेको आयोगको भनाइ छ ।

उनले भने,'मतदानका क्रममा कति जना मतदाताले मत खसाले भनेर मतदाता नामावलीमा रेजा लगाउने क्रममा कहिलेकाहीँ मानवीय त्रुटी हुनसक्ने सम्भावना रहन्छ । विगतका निर्वाचनहरूमा पनि यस्ता फाट्टफुट्ट घटनाहरू देखिएका थिए । आयोगले कतै एउटा र अर्को ठाउँमा अर्को निर्णय गर्दैन । हामीले नीतिगत निर्देशन गरेर पठाइसकेका छौं र सोही बमोजिम सम्बन्धित जिल्लाका निर्वाचन अधिकृत र मतगणना टोलीले मतगणना कार्य अगाडि बढाइरहनुभएको छ ।'

निर्देशिकाअनुसार यदि मतदान अधिकृतले दिएको प्रतिवेदन र मतपेटिकाभित्र भेटिएको मत फरक परेको खण्डमा 'मतपेटिकामा भएको मतलाई नै आधिकारिक मानिने' कानूनी व्यवस्था रहेको प्रवक्ता भट्टराईले जानकारी दिए ।

आयोगले यही कानूनी व्यवस्था र परिपत्रलाई आधार मानेर देशभरका सबै निर्वाचन क्षेत्रमा समान खालको निर्णय लागू गरेको छ ।

**धनुषा-१ को निर्वाचन परिणाम घोषणा नगर्ने आयोगको निर्णय**

निर्वाचन आयोगले धनुषा-१ को निर्वाचन परिणाम घोषणा नगर्ने निर्णय गरेको छ। आयोगको निर्णयअनुसार आइतबार धनुषा जिल्ला क्षेत्र नं. १ निर्वाचन अधिकृतको कार्यालयलाई पत्राचार गरिएको शाखा अधिकृत (कानुन) अरुण अधिकारीले बताए ।

आयोगले यही फागुन १८ गते धनुषा जिल्ला क्षेत्र नं. १ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह 'कमल' को उम्मेदवारी कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम रहेको प्रमाण प्राप्त भएको भन्दै खारेज गर्ने निर्णय गरेको थियो ।

सो निर्णयका सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन रहेकाले सो सम्बन्धमा अदालतबाट आदेश नभएसम्म धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १ को पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मत परिणाम घोषणा नगर्नु नगराउनुहुन आयोगको आजको निर्णयअनुसार अनुरोध गरिएको उनले हस्ताक्षर गरेको पत्रमा उल्लेख छ । सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पत्र तामेल गराई सोको जानकारी आयोगसमक्ष दिन प्रदेश निर्वाचन कार्यालयलाई बोधार्थको पत्र पठाइएको पनि शाखा अधिकृत (कानुन) अधिकारीले बताए ।

## बसको ठक्करबाट बालकको मृत्यु

# क्षतिपूर्तिको माग गर्दै रौतहटमा ४ घण्टा राजमार्ग अवरुद्ध

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ फागुन

रौतहटको उत्तरी भेगमा रहेको चन्द्रपुर नगरपालिका स्थित पूर्व-पश्चिम राजमार्गको बागमती पुलमा बसको ठक्करबाट एक बालकको मृत्यु भएपछि उत्पन्न तनावका कारण आइतबार करिब ४ घण्टा राजमार्ग अवरुद्ध भएको छ ।

मृतकका आफन्त र स्थानीयवासीले उचित क्षतिपूर्तिको माग गर्दै सडकमा टायर बालेर प्रदर्शन गरेपछि यातायात सेवा पूर्णरूपमा ठप्प भएको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार शनिबार दिउँसो करिब १:२० बजेको समयमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना ५ ख ६२६३ नम्बरको बसले सोही दिशातर्फ साइकलमा जाँदै गरेका १३ वर्षीय बालक कृष्ण सहनीलाई ठक्कर दिएको थियो ।

चन्द्रपुर नगरपालिका-१



मंगलपुर निवासी सिकिन्द्र सहनीका छोरा कृष्णको दुर्घटनामा परी टाउको र बायाँ खुट्टाको तिघ्रामा गम्भीर चोट लागेको थियो ।

घाइते बालकलाई तत्काल प्राथमिक उपचारका लागि वीरगञ्ज पठाइएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि उनलाई बारास्थित एल.एस. न्यूरो अस्पताल रिफर गरिएको थियो । उपचारकै क्रममा शनिबार चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन् । दुर्घटनालगत्तै प्रहरीले बस र चालकलाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा चितवन भरतपुर महानगरपालिका-५ निवासी ४१ वर्षीय सोमबहादुर प्रजा रहेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार प्रारम्भिक जाँचमा चालकले मदिरा सेवन नगरेको पाइएको छ । प्रहरीले सवारी ज्यान मुद्दा अन्तर्गत थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको जनाए ।

आफ्नो सन्तान गुमाएको शोकमा डुबेका आफन्त र न्यायको माग गरिरहेका स्थानीयले आइतबार दिउँसो १२ बजेदेखि मंगलपुर खण्डमा राजमार्ग अवरुद्ध गरेका थिए । प्रदर्शनकारीहरूले सडकमा ढुंगा राख्ने र टायर बालेर यातायात रोकेका थिए ।

आफ्नो बच्चा गुमाउनुको पीडामा रहेकी मृतककी आमा सडकमै सुतेर विरोध जनाएपछि स्थिति थप भावुक र तनावपूर्ण बनेको थियो ।

अवरोधका कारण राजमार्गको दुवैतर्फ सयौं सवारी साधन र यात्रुहरूबीच बाटोमै अलपत्र परेका थिए ।

स्थिति नियन्त्रणमा लिन घटनास्थलमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं डिएसपी विष्णुप्रदीप वस्यालका अनुसार प्रहरी निरीक्षक कमलेश मण्डल, रुपेश कुमार झा र सशस्त्र प्रहरी निरीक्षक राजेश आचार्यको नेतृत्वमा खटिएको टोलीले स्थानीयसँग संवाद गरेको थियो ।

मृतकका परिवारलाई नियमानुसारको क्षतिपूर्ति उपलब्ध गराउने र दोषी चालकमाथि कडा कानुनी कारबाही चलाउने लिखित सहमति भएपछि बेलुका करिब ४ बजेदेखि राजमार्ग पुन: सञ्चालनमा आएको हो ।

**यूएईमा रोजगार**
कम्पनी: BIN HINDI SECURITY SERVICES
पूर्व स्वीकृत मिति: २०८२/०३/१७ चलानी नं.: ६०२४०४८३ L.T. No.: 326524
शहर: UAE पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 8 | स. काममा दक्ष | 2000 | ७९,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २ गते (16 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**युएईमा रोजगार**
कम्पनी : MARK AND SAVE HYPERMARKET
पूर्व स्वीकृत मिति: २०८१/११/०६ चलानी नं.: ६०२४८५११ L.T. No.: 319095
शहर : AJMAN पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 13 | 15 | सम्बन्धित काममा दक्ष | 900 | ३५,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer | 149 | 147 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २ गते (16 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | Helper रु. १०,००० Sales Officer निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४

**जापानमा रोजगार**
कम्पनी: Cooperative hibiki
पूर्व स्वीकृत मिति: २०८२/०९/०५ चलानी नं.: ६०२४९३१७ Lt. No.: 335461
शहर: Toyama पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Worker | 12 | 13 | स. काममा दक्ष | 172860 | १६०,७५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २ गते (16 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निम्ति सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ५०,००० ।- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।
**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा बिमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

Hope International (P) Ltd.
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: Info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
License No: 857/066/67
For Location

सम्पादकीय

## दराजमा नथन्कियोस् प्रतिवेदन

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएका हिंसात्मक घटनाबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले अन्ततः आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ । झण्डै एक हजार पृष्ठको प्रतिवेदनमा घटनाको विस्तृत छानबिन गर्दै दोषी देखिएका व्यक्तिमाथि कानुनी कारबाही गर्न सिफारिस गरिएको छ । विशेषगरी भदौ २३ गतेको प्रहरी दमनका घटनामा गोली चलाउने, गोली चलाउन आदेश दिने र रोक्न सक्ने अवस्था हुँदाहुँदै पनि नरोकेका सबैलाई कानुनी दायरामा ल्याउन आयोगले सुझाव दिएको छ । आन्दोलनका क्रममा युवाहरूले ज्यान गुमाउनु परेको घटना देशका लागि गम्भीर र दुःखद विषय हो । राज्यको शक्ति प्रयोग गर्ने निकायले संयमता अपनाउनुपर्नेमा त्यसो हुन नसक्दा निर्दोष नागरिकको ज्यान गएको देखिन्छ । यस्ता घटनाले राज्य संयन्त्रप्रति जनविश्वास कमजोर बनाउँछ । त्यसैले यथार्थ पत्ता लगाएर दोषीलाई कारबाही गर्नु न्याय र लोकतन्त्र दुवैका लागि आवश्यक हुन्छ । दण्डहिनताको अन्त्य नभए यस्ता घटना भविष्यमा पनि दोहोरिने छन् । त्यसअर्थमा कार्की आयोगको प्रतिवेदन सार्वजनिक गरेर कार्यान्वयन गर्नु सरकारको दायित्व हुन्छ ।

आयोगले भदौ २४ गते संसद भवन, सिंहदरबारलगायतका सार्वजनिक सम्पत्तिमा भएको आगजनी, तोडफोड र लुटपाटका घटनाबारे पनि थप अनुसन्धान गर्नुपर्ने सिफारिस गरेको छ । सार्वजनिक सम्पत्तिको विनाश, राजनीतिक दलका कार्यालय र नेताहरूका घरमा गरिएको आक्रमण पनि त्यत्तिकै गम्भीर अपराध छन् । त्यसैले ती घटनाको अनुसन्धान गरी संलग्न व्यक्तिलाई पनि कानुनी दायरामा ल्याउन राज्य गम्भीर हुनुपर्छ ।

विगतमा पनि आन्दोलनका घटनाबारे छानबिन गर्न आयोग बनेका थिए । तर धेरै प्रतिवेदन कार्यान्वयन नभई थन्किएका उदाहरण छन् । यही कारण अहिले पनि कार्की आयोगको प्रतिवेदन सार्वजनिक हुने र त्यसका सिफारिस कार्यान्वयन हुनेमा आशंका छ । यदि यो प्रतिवेदन पनि अन्य आयोगजस्तै दराजमा थन्किए न्यायको अपेक्षा गरिरहेका पीडित परिवार र आमनागरिकमा थप निराशा पैदा गर्नेछ । त्यसैले सरकारले अब ढिलाइ नगरी कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । प्रतिवेदनमा उल्लेख भएका तथ्य र सिफारिसका आधारमा दोषीमाथि निष्पक्ष र कानुनी कारबाही अघि बढाउनुपर्छ । राज्यको जिम्मेवारी छानबिन समिति बनाउने र प्रतिवेदन बुझ्नु मात्र होइन, त्यसलाई कार्यान्वयन गर्नु पनि हो । दण्डहिनताको अन्त्य, पारदर्शिता र जवाफदेहिताले मात्र जनताको विश्वास पुनः स्थापित गर्न सकिन्छ ।

# अर्थतन्त्र पुनरुत्थानको बाटो

*नेपालको अर्थतन्त्रलाई उकास्ने काम कुनै एक नीति वा एक क्षेत्रमा मात्र केन्द्रित भएर सम्भव हुँदैन । यसको लागि समग्र सुधार आवश्यक हुन्छ । राजनीतिक स्थिरता, सुशासन, उत्पादनमूलक क्षेत्रमा लगानी, प्रविधिको प्रयोग र दीर्घकालीन आर्थिक दृष्टिकोणलाई एकसाथ अघि बढाउनुपर्छ ।*

अग्रलेख



● जगतजंग जिसी

नेपालको अर्थतन्त्र पछिल्ला एक दशकमा निरन्तर संकट र अनिश्चितताको चक्रबाट गुज्रिएको छ । २०७२ सालमा आएको विनाशकारी भूकम्प, त्यसपछिको राजनीतिक अस्थिरता, विश्वव्यापी कोभिड-१९ महामारी र पछिल्लो समय देखिएको जेनजी आन्दोलनजस्ता घटनाले आर्थिक गतिविधिलाई गम्भीर असर पारेका छन् । यी घटनाहरूले भौतिक संरचना मात्र होइन, आर्थिक विश्वास, लगानीको वातावरण र विकासको गति समेत कमजोर बनाएका छन् । परिणामस्वरूप आज नेपालको अर्थतन्त्र सुस्त गतिमा अघि बढिरहेको छ र लगानीकर्ता समेत लगानी गर्न हिचकिचाइरहेका छन् ।

२०७२ सालको भूकम्प नेपालको अर्थतन्त्रका लागि ठूलो धक्का थियो । हजारौं मानिसको ज्यान गयो, लाखौं घरहरू भत्किए र ऐतिहासिक सम्पदा तथा पूर्वाधारमा ठूलो क्षति भयो । भूकम्पपछि पुनर्निर्माणका लागि ठूलो रकम आवश्यक पऱ्यो, जसका कारण राज्यको स्रोत ठूलो मात्रामा पुनर्निर्माणतर्फ केन्द्रित हुन पुग्यो । यसले विकासका अन्य क्षेत्रहरूमा लगानीको गति घटायो । यद्यपि, पुनर्निर्माणले केही समयका लागि निर्माण क्षेत्रलाई चलायमान बनाएको थियो, तर दीर्घकालीन उत्पादनमूलक क्षेत्रहरूमा अपेक्षित सुधार हुन सकेन ।

यसपछि विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले नेपालको अर्थतन्त्रलाई थप कमजोर बनायो । पर्यटन, सेवा क्षेत्र, साना व्यवसाय र रोजगारीमा व्यापक असर पऱ्यो । नेपाल जस्तो देश, जहाँ अर्थतन्त्रको ठूलो हिस्सा पर्यटन र विदेशबाट आउने रेमिट्यान्समा निर्भर छ, त्यहाँ महामारीको प्रभाव झन् गम्भीर देखियो । होटल, ट्राभल कम्पनी, साना व्यापार र यातायात क्षेत्र लामो समयसम्म बन्दजस्तै अवस्थामा पुगे । लाखौं मानिसको रोजगारी प्रभावित भयो र धेरै व्यवसाय बन्द हुन बाध्य भए ।

महामारीपछिको आर्थिक पुनरुत्थान सुरु हुँदै गर्दा सामाजिक र राजनीतिक असन्तुष्टिका अभिव्यक्तिका रूपमा देखिएको जेनजी आन्दोलनले पनि आर्थिक गतिविधिमा अनिश्चितता थपेको छ । आन्दोलन, प्रदर्शन र राजनीतिक तनावले लगानीकर्तामा मनोवैज्ञानिक त्रास सिर्जना गर्छ । कुनै पनि अर्थतन्त्रमा लगानीको आधार भनेको स्थिरता र विश्वास हो । जब देशको राजनीतिक तथा सामाजिक वातावरण अनिश्चित देखिन्छ, तब स्वदेशी तथा विदेशी दुवै लगानीकर्ता प्रतीक्षाको अवस्थामा बस्न रुचाउँछन् ।

अहिले नेपालको अर्थतन्त्रको मुख्य समस्या भनेको लगानीको वातावरण कमजोर हुनु हो । निजी क्षेत्रले लगानी विस्तार गर्न सकेको छैन, विदेशी लगानी अपेक्षित रूपमा भित्रिन सकेको छैन र सरकारी खर्च पनि प्रभावकारी रूपमा परिचालन हुन सकेको छैन । प्रशासनिक जटिलता, नीतिगत अस्थिरता र प्रक्रियागत ढिलाइले लगानीकर्तालाई निरुत्साहित गरिरहेको छ । यसले उद्योग, उत्पादन र रोजगारी सिर्जनाको गति घटाएको छ ।

नेपालको अर्थतन्त्रलाई उकास्न सबैभन्दा पहिले विश्वासको वातावरण निर्माण गर्न आवश्यक छ । राजनीतिक स्थिरता, स्पष्ट आर्थिक नीति र प्रशासनिक सुधारले लगानीकर्तामा भरोसा जगाउन सक्छ । विश्वका धेरै देशहरूले आर्थिक संकटपछि विश्वास निर्माणमार्फत अर्थतन्त्रलाई पुनर्जीवित गरेका उदाहरणहरू छन् । उदाहरणका लागि सिंगापुरले स्वतन्त्रतापछि सुदृढ प्रशासन, पारदर्शिता र लगानीमैत्री नीतिको माध्यमबाट विश्वको प्रमुख आर्थिक केन्द्रको रूपमा आफूलाई स्थापित गर्न सफल भयो । त्यहाँ सरकारले नीति स्थिरता र सरल प्रशासनिक प्रणालीमार्फत विदेशी लगानीलाई आकर्षित गऱ्यो ।




यस्तै अर्को उदाहरण दक्षिण कोरियाको हो । सन् १९६० को दशकमा दक्षिण कोरिया अत्यन्तै गरिब देशमध्ये एक थियो । तर सरकारले औद्योगिकीकरणलाई प्राथमिकता दिँदै शिक्षा, प्रविधि र निर्यातमुखी उद्योगमा लगानी गऱ्यो । परिणामस्वरूप केही दशकभित्रै दक्षिण कोरिया विश्वको प्रमुख औद्योगिक राष्ट्रमध्ये एक बन्न सफल भयो । यस उदाहरणले देखाउँछ कि स्पष्ट योजना, दीर्घकालीन दृष्टि र नीतिगत निरन्तरताले आर्थिक चमत्कार सम्भव बनाउँछ ।

नेपालका लागि पनि उत्पादनमूलक क्षेत्रको विकास अत्यन्त आवश्यक छ । अहिले अर्थतन्त्र अत्यधिक रूपमा रेमिट्यान्समा निर्भर छ । वैदेशिक रोजगारीले तत्कालीन आर्थिक राहत दिएको भए पनि दीर्घकालीन विकासका लागि देशभित्रै रोजगारी सिर्जना गर्न अपरिहार्य छ । कृषि, ऊर्जा, पर्यटन, सूचना प्रविधि र साना तथा मझौला उद्योगहरूलाई सुदृढ बनाउने नीति अपनाउनुपर्छ ।

कृषि क्षेत्रमा आधुनिकीकरण र व्यवसायीकरण गर्न सके नेपाल आत्मनिर्भर मात्र होइन, निर्यातकर्ता देशसमेत बन्न सक्छ । उदाहरणका लागि इजरायलले अत्यन्तै मरुभूमि जस्तो भौगोलिक अवस्थाका बाबजुद प्रविधिमार्फत कृषि उत्पादनमा ठूलो सफलता हासिल गरेको छ । ड्रिप सिँचाइ, अनुसन्धान र प्रविधिको प्रयोगले सीमित स्रोतका बाबजुद उत्पादन बढाउन सकिन्छ भन्ने देखाएको छ । नेपालले पनि कृषि अनुसन्धान, आधुनिक प्रविधि र बजार व्यवस्थापनमा सुधार गर्न सके कृषि क्षेत्र अर्थतन्त्रको बलियो आधार बन्न सक्छ ।

ऊर्जा क्षेत्र नेपालको अर्को ठूलो सम्भावना हो । जलविद्युत् उत्पादनमा नेपालसँग अपार क्षमता छ । यदि दीर्घकालीन योजना बनाएर जलविद्युत् उत्पादन र निर्यातलाई व्यवस्थित गर्न सकियो भने यसले अर्थतन्त्रलाई ठूलो गति दिन सक्छ । भुटानले जलविद्युत् निर्यातमार्फत आफ्नो अर्थतन्त्रलाई सुदृढ बनाएको उदाहरण नेपालका लागि निकै सान्दर्भिक छ । भुटानले भारतसँगको ऊर्जा व्यापारलाई व्यवस्थित गर्दै आफ्नो राष्ट्रिय आम्दानीको ठूलो हिस्सा जलविद्युत्बाट प्राप्त गरिरहेको छ ।

पर्यटन क्षेत्र पनि नेपालको आर्थिक विकासको प्रमुख आधार हुन सक्छ । प्राकृतिक सौन्दर्य, हिमाल, सांस्कृतिक सम्पदा र धार्मिक स्थलहरूले नेपाललाई विश्व पर्यटन नक्सामा विशेष स्थान दिएका छन् । तर पर्यटन पूर्वाधार, सेवा गुणस्तर र अन्तर्राष्ट्रिय प्रचारप्रसारमा अझै धेरै सुधार आवश्यक छ । थाइल्यान्डले पर्यटनलाई व्यवस्थित रूपमा विकास गर्दै आफ्नो अर्थतन्त्रको प्रमुख स्तम्भ बनाएको छ । नेपालले पनि पर्यटन नीतिलाई दीर्घकालीन दृष्टिका साथ सुधार गर्न सके ठूलो आर्थिक लाभ लिन सक्छ ।

सूचना प्रविधि र डिजिटल अर्थतन्त्र पनि नेपालको नयाँ सम्भावनाको क्षेत्र हो । विश्वभर डिजिटल सेवाको माग तीव्र रूपमा बढिरहेको छ । भारतले सूचना प्रविधि सेवा निर्यातमार्फत विश्व अर्थतन्त्रमा ठूलो स्थान बनाएको छ । नेपालका युवाहरू पनि प्रविधिमा दक्ष छन् । यदि सरकार र निजी क्षेत्रले आईटी उद्योगलाई प्रोत्साहन गर्ने नीति ल्याए भने नेपालले डिजिटल सेवामार्फत विदेशी मुद्रा आर्जन गर्न सक्छ ।

साथै, प्रशासनिक सुधार आर्थिक विकासका लागि अत्यन्त महत्वपूर्ण हुन्छ । व्यवसाय दर्ता, कर प्रणाली, अनुमति प्रक्रिया र कानुनी संरचनालाई सरल र पारदर्शी बनाउनुपर्छ । जब लगानीकर्ताले प्रक्रिया सहज र सुरक्षित देख्छन्, तब उनीहरू लगानी गर्न उत्साहित हुन्छन् । विश्व बैंकको 'इज अफ डुइङ बिजनेस' सूचकांकमा राम्रो स्थान हासिल गरेका देशहरूमा प्रायः सरल प्रशासनिक प्रणाली देखिन्छ ।

नेपालले विकास साझेदार, प्रवासी नेपाली र निजी क्षेत्रसँग सहकार्य बढाएर पनि अर्थतन्त्रलाई गतिशील बनाउन सक्छ । प्रवासी नेपालीहरू आर्थिक स्रोत मात्र होइन, अनुभव र प्रविधिका वाहक पनि हुन् । उनीहरूको लगानी र ज्ञानलाई देशभित्र आकर्षित गर्न उपयुक्त वातावरण बनाउनुपर्छ ।

अन्ततः नेपालको अर्थतन्त्रलाई उकास्ने काम कुनै एक नीति वा एक क्षेत्रमा मात्र केन्द्रित भएर सम्भव हुँदैन । यसको लागि समग्र सुधार आवश्यक हुन्छ । राजनीतिक स्थिरता, सुशासन, उत्पादनमूलक क्षेत्रमा लगानी, प्रविधिको प्रयोग र दीर्घकालीन आर्थिक दृष्टिकोणलाई एकसाथ अघि बढाउनुपर्छ । संकटहरूले देशलाई कमजोर मात्र बनाउँदैनन्, नयाँ सम्भावनाका ढोका पनि खोल्न सक्छन् । यदि नेपालले पछिल्ला संकटहरूबाट पाठ सिक्दै संरचनात्मक सुधारतर्फ अग्रसर हुन सके भने वर्तमान चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्न सकिन्छ । सही नीति, दूरदृष्टि र दृढ राजनीतिक इच्छाशक्ति भएमा नेपालको अर्थतन्त्र पुनः सबल र गतिशील बन्न सक्ने सम्भावना अझै पनि प्रबल छ ।

## इतिहासमा आज

९ मार्च १९७६ मा इटालीको क्याभलिजमा इतिहासको सबैभन्दा घातक केबलकार दुर्घटना भएको थियो । जसमा ४२ जनाको मृत्यु भएको थियो ।



९ मार्च १९७७ मा ३९ घण्टाको गतिरोधमा सशस्त्र हनाफी मुस्लिमहरूले वाशिंगटन, डीसीका तीन भवनहरू कब्जा गरेका थिए ।



९ मार्च २०११ मा अन्तरिक्ष यान डिस्कभरीले ३९ उडानहरू पछि आफ्नो अन्तिम अवतरण गरेको थियो ।



९ मार्च २०२३ मा जर्मनीको ह्याम्बर्गको अल्स्टरडोर्फ क्वार्टरमा गोलीबारी हुँदा ८ जनाको मृत्यु भएको थियो भने अन्य आठ जना घाइते भएका थिए ।



# किताबभन्दा राम्रो साथी अरू छैन

विश्व



● क्षमा शर्मा

*स्वीडेन र डेनमार्कले आफ्ना बालबालिकाको हितलाई ध्यानमा राख्दै डिजिटलभन्दा किताबी शिक्षा पढाउने निर्णय समयमै लिए । तर हाम्रो समाजमा भने अझै पनि धेरै राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा हरेक विद्यार्थीलाई ल्यापटप वा मोबाइल दिने वाचा गरिरहेका छन् ।*

केही महिनाअघि स्वीडेनले आफ्ना विद्यालयहरूबाट कम्प्युटर हटाउने निर्णय गऱ्यो र करिब १५ वर्षपछि फेरि किताबहरूको प्रयोगलाई प्राथमिकतामा ल्यायो । त्यहाँका अधिकारीहरूका अनुसार सबै पढाइ डिजिटल र अनलाइन माध्यमबाट गराउँदा बालबालिकाले अपेक्षित रूपमा नयाँ कुरा सिक्न सकेनन् । बरु उनीहरू बढी आत्मकेन्द्रित बन्दै गए । आफ्ना समवयस्क साथीसँग खेल्ने-कुद्ने बानी घट्यो, भेटघाट र सामाजिक सम्बन्धमा पनि कमी आयो । लामो समय स्क्रिन हेर्ने बानीका कारण उनीहरूलाई ढाड दुख्ने, सर्वाइकल हुने, आँखाको दृष्टि कमजोर हुनेजस्ता स्वास्थ्य समस्या देखिन थाले । यसले उनीहरूलाई झन् चिडचिडे पनि बनायो ।

गत अगस्टमा आएको एउटा समाचारले डेनमार्क सरकार पनि यही विषयमा चिन्तित रहेको देखायो । स्क्रिनको दुनियाँमा मानिसहरू अझै किताब पढ्न चाहन्छन् कि चाहँदैनन् भन्ने प्रश्नले सरकारलाई सोच्न बाध्य बनाएको थियो । मानिसहरूलाई फेरि किताबतर्फ आकर्षित गर्न त्यहाँ सामानमा लाग्ने २५ प्रतिशत कर, जुन किताबमा पनि लागू हुन्थ्यो, हटाइयो । कर हटाउने घोषणा गर्दै डेनमार्ककी संस्कृति मन्त्री एन्जेल स्मिटले भनेकी छिन्- हामी चाहन्छौं कि मानिसहरूले बढीभन्दा बढी किताब पढून् । उनका अनुसार डेनमार्कमा अहिले एक प्रकारको 'रीडिङ क्राइसिस' अर्थात् पढाइको संकट देखिएको छ । धेरै मानिस, विशेषगरी युवाहरू, पढ्न चाहँदैनन् ।

किताबमाथि कर हटाइएपछि ती सस्ता हुने र युवाहरूलाई पनि आकर्षित गर्ने अपेक्षा गरिएको छ । वास्तवमा किताबभन्दा राम्रो साथी अरू के हुन सक्छ र ? केवल डेनमार्क मात्र होइन, अमेरिकामा पनि यस्तै अवस्था देखिएको छ । त्यहाँ पनि मानिसहरूले पहिलेभन्दा निकै कम किताब पढ्ने गरेका छन् । यसको मुख्य कारण मोबाइल फोन र बढ्दो स्क्रिन टाइमलाई मानिन्छ ।

स्वीडेनले पनि किताबमाथिको कर घटाएको छ । भारतमा किताब र पत्रपत्रिकामा वस्तु तथा सेवा कर (जीएसटी) लाग्दैन । तर किताब छापिने कागजमा १२ प्रतिशत र छपाइमा १८ प्रतिशत जीएसटी लाग्छ । यसरी प्रत्यक्ष होइन भने अप्रत्यक्ष रूपमा किताब महँगो बनाइन्छ । महँगो किताब कसरी किन्ने, कसरी पढ्ने ? यस विषयमा भारतले पनि धेरै कुरा सिक्नुपर्ने देखिन्छ ।

भारत लगातार भनिँदै आएको छ कि पढ्ने बानी घट्दै गएको छ । बालबालिका होऊन् वा युवा सबैले बढी समय मोबाइलमै बिताइरहेका छन् । तर हालै दिल्लीमा आयोजना गरिएको पुस्तक मेलामा करिब २० लाख मानिसको भीडले भने किताबप्रतिको रुचि पूर्ण रूपमा घटेको छैन भन्ने देखायो । अहिलेसम्म भएका ५३ पुस्तक मेलामध्ये यो सबैभन्दा ठूलो सहभागिता थियो । किताबको बिक्री पनि उल्लेख्य भयो । यद्यपि केही मानिसहरूको भनाइ छ- यस पटक प्रवेश निःशुल्क भएकाले पनि भीड बढी भएको हुन सक्छ ।

स्वीडेनको जस्तै डेनमार्कका विद्यालयहरूमा पनि फेरि किताबहरू फर्काइँदै छन् । किताब मात्र होइन, कपी र कलमको प्रयोग पनि पुनः सुरु गरिएको छ । त्यहाँको सरकारको बुझाइमा डिजिटल माध्यमबाट मात्रै पढाइ गर्दा बालबालिकाको ध्यान केन्द्रित गर्ने क्षमता कमजोर हुँदै गएको थियो । त्यसैले कक्षामा किताब, कपी र कलमको उपस्थिति आवश्यक ठानियो । कागजको महत्वलाई फेरि स्थापित गर्ने प्रयास भइरहेको छ ।

धेरै विद्यालयहरूले मोबाइल फोनसमेत प्रतिबन्धित गरेका छन् । पढाइको समयमा बालबालिकाको स्क्रिन टाइम न्यूनतम बनाउन विभिन्न योजना बनाइँदै छन् । कक्षामा शिक्षक र विद्यार्थीबीचको प्रत्यक्ष संवाद र तालमेललाई पनि फेरि महत्व दिइँदैछ ।

एक समय डेनमार्कलाई 'डिजिटल च्याम्पियन' मानिन्थ्यो । सन् २०११ देखि त्यहाँका विद्यालयहरू लगभग पूर्ण रूपमा डिजिटल बनाइएका थिए । त्यसबेला 'कागजरहित समाज'को कल्पना गरिन्थ्यो । तर अनुभवले देखायो कि अत्यधिक डिजिटल प्रयोगले बालबालिकाको सिक्ने क्षमता मात्र होइन, उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यमा पनि असर पारेको छ । उनीहरू कुनै पनि कुरामा लामो समय ध्यान केन्द्रित गर्न सक्दैनन् ।

अब त्यहाँ यस्तो बुझाइ विकसित भएको छ कि प्रविधिको प्रयोग आवश्यक छ, तर बालबालिकाको समग्र विकासका लागि त्यसबाट केही दूरी पनि उत्तिकै आवश्यक छ । कुनै पनि कुरा अति हुनु हुँदैन, त्यो प्रविधि नै किन नहोस् । जुन हानिकारक हुन्छ ।

स्वीडेन र डेनमार्कले आफ्ना बालबालिकाको हितलाई ध्यानमा राख्दै डिजिटलभन्दा किताबी शिक्षा पढाउने निर्णय समयमै लिए । तर हाम्रो समाजमा भने अझै पनि धेरै राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा हरेक विद्यार्थीलाई ल्यापटप वा मोबाइल दिने वाचा गरिरहेका छन् । बालबालिका र युवाले यी उपकरण प्रयोग गर्न सिक्नु राम्रो कुरा हो, तर यसको अति कति हानिकारक हुन सक्छ भन्ने कुरा हामी स्वीडेन र डेनमार्कबाट सिक्न सक्छौं ।

**अमर उज्यालाबाट**

## सामाजिक सञ्जाल



**भीमार्जुन आचार्य**

स्वाधीनता रक्षा अहिलेको सबैभन्दा अहम् विषय हो । २०१५ सालको पहिलो आमनिर्वाचनमा कुनै दललाई प्राप्त दुई तिहाइको जनादेश उक्त दलको व्यहोराका कारण व्यवस्था अन्त्यकै कारण बन्न गयो । त्यस्तो नहोस् । कांग्रेस, एमाले र पूर्व माओवादीको पतनको मुख्य कारण अहंकार र भिन्न मतको कदर गर्न नसक्नु थियो ।



**जैनेन्द्र जीवन**

अकर्मण्य, भ्रष्ट र समयको पदचाप नबुझ्ने/नसुन्ने नेतृत्व वर्गले दशकौंदेखि (२०७९ देखि त झनै) ध्वस्त पारेको पार्टी जतिसुकै पुस्तान्तरण र रूपान्तरण भए पनि सबै दललाई सोत्तर पार्ने यो पालिको रास्वपा सुनामी रोक्न सक्ने कुरै थिएन ।



**डम्बर खतिवडा**

कांग्रेस-कम्युनिष्टलगायत सबै दलका नेता, कार्यकर्ता, संगठित तथा क्रियाशील सदस्य र समर्थकले नै हराउन चाहेपछि कसले किन जोगाइदिन्छ तिनको पार्टी ? कसका लागि र किन जोगिन पर्यो त्यस्ता पार्टी ? जसलाई चाहिएको हो- तिनैलाई भार भइसकेको पार्टीको प्रयोजन नै के हुन्छ र दुःख मनाऊँ गऱ्या ?



**सुजन पण्डित**

जीतको उन्मादमा यति चाहिँ ख्याल राख्नु होला- आफू ट्रक जत्रो 'रबा'को झोला बोकेर फरक मत र भिन्न विचार राख्नेहरूलाई झोले भन्न छोड्नु होला । त्यति गर्नुभो भने तपाईंहरूले सिक्ने पहिलो संस्कार त्यही हुनेछ ।

# बाजुरामा कांग्रेसका गिरी विजयी

**धनकृष्ण वि.क/मध्यान्ह**
बाजुरा, २४ फागुन



बाजुरामा नेपाली कांग्रेसका उम्मेदवार जनकराज गिरी प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । नेकपा एमालेका उम्मेदवार लालबहादुर थापालाई पराजित गर्दै गिरी निर्वाचित भएका हुन् । गिरीले १७ हजार १ सय ७३ मत ल्याएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी एमालेका थापाले १६ हजार ६ सय ३३ मत ल्याएको मुख्य निर्वाचन अधिकृत संजीव पोखरेलले जानकारी दिए ।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का हेमराज थापाले ६ हजार ३५, नेपाली कम्युनिष्ट पार्टीका प्रकाश बहादुर शाहले तीन ४ सय २८ मत प्राप्त गरेका छन् ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका केशर बहादुर शाहीले ३ सय ५२, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का भुपेन्द्र विकले ३ सय ३३, प्रगतिशील लोकतान्त्रिक पार्टीका दिपक डिसीले ९७ मत र स्वतन्त्र उम्मेदवार उपेन्द्र शाहीले ७२ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत पोखरेलले बताए । कुल ८७ हजार ८६१ मतदाता रहेको यहाँ ४५ हजार ३ सय ९० मत खसेको थियो । खसेको मत ५१ दशमलव ६६ प्रतिशत रहेको छ । मतगणना गर्दा ४३ हजार ८ सय ९६ मत सदर र एक हजार ३ सय ४६ मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय बाजुराले जनाएको छ ।

# खोटाङमा श्रम संस्कृति पार्टीका आरेन राई विजयी

**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, २४ फागुन



खोटाङमा श्रम संस्कृति पार्टीका उम्मेदवार आरेन राई विजयी भएका छन् । राईका निकटतम प्रतिद्वन्द्वी एमालेका उम्मेदवार देवबिक्रम राईलाई पछि पार्दै आरेन विजयी भएका हुन् ।

आरेनले १६ हजार ६ सय १२ मत पाउँदा देवबिक्रमले १२ हजार ७ सय १४ मत पाएर विजयी भएका हुन् । नेपाली कांग्रेसका वीरकाजी राईले ११ हजार ९ सय ५७, नेकपाका हरि रोकाले ९ हजार ४ सय ४३, रास्वपाका रुद्र गिरीले ५ हजार ७ सय ४ र राष्ट्रिय परिवर्तन पार्टीका उम्मेदवार मिरेश राईले ९ सय ४७ मत पाएका मुख्य निर्वाचन अधिकृतकको कार्यालयले जनाएको छ ।

यस्तै, जसपाका राकेश राईले ३ सय ३७, राप्रपाका दिपक तामाङले ४ सय ७७, नेकपा (माओवादी)का चन्द्रबहादुर बुढाथोकीले १ सय ८२, जसपा नेपालका सुनिल चाम्लिङले १ सय ११, मंगोल नेसनल अर्गनाइजेसनका प्रयाग राईले ३२, मितेरी पार्टी नेपालका केशरमान चाम्लिङले २६ र नेपाल मजदुर किसान पार्टीका ध्यानप्रसाद ढकालले २६ मत पाएका छन् । स्वतन्त्रका राजकुमार राई २६ र तिलकचन्द्र राईले ४३ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभातर्फ एकमात्र निर्वाचन क्षेत्र रहेको खोटाङमा कुल १ लाख ४७ हजार १ सय २० मतदातामध्ये ६२ हजार ५ सय ६६ मत खसेको थियो । हालसम्म ३ हजार ९ सय २८ मत बदर भएको थियो । जिल्ला निर्वाचन कार्यालय खोटाङका अनुसार जिल्लाभर रहेका १ सय ३६ वटा मतदान स्थल तथा १ सय ९५ वटा मतदान केन्द्रबाट साथै कारागार र जिल्ला समन्वयसमिती गरि दुई वटा अस्थायी मतदान केन्द्रमा मतदान भएको थियो । फागुन-२१ मा सम्पन्न निर्वाचनमा खोटाङमा शान्तिपूर्ण एवं भएरहित वातावरणमा भएको थियो ।

# लागूऔषधसहित पक्राउ




**काठमाडौं/मस-**
देशका विभिन्न स्थानहरुबाट लागूऔषधसहित पक्राउ परेका छन् ।

मोरङ, पथरी शनिश्चरे नगरपालिका-८ मंगलबारे बस्ने मान बहादुर दर्जी समेत ३ जनालाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ ग्राम ९ सय मिलिग्रामसहित शनिबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरीले मान बहादुरको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

यस्तै दाङ, घोराही उपमहानगरपालिका-१४ स्थित न्यु मनकामना गेष्ट हाउसबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६० ग्राम ३ सय २० मिलिग्राम र नगद ३५ हजार ८ सय ३५ रूपैयाँसहित २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा उक्त गेष्ट हाउसका संचालक घोराही उपमहानगरपालिका-१४ सरस्वती टोल बस्ने रोल्पा घर भएका ३१ वर्षीय हिरामणी घर्ती र दाङ घोराही उपमहानगरपालिका-१५ रतनपुर बस्ने २६ वर्षीय ईश्वर बुढा मगर रहेका छन् । जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले गेष्ट हाउस तलासी गर्दा उक्त पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

कैलाली, धनगढी उपमहानगरपालिका-३ चटकपुरबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ सय ९० मिलिग्राम सहित सोही उपमहानगरपालिका-३ राना टोल बस्ने २३ वर्षीय अमन राना समेत २ जनालाई गए राति प्रहरीले पक्राउ गरेको छ ।

अस्थायी प्रहरी पोष्ट विशालनगरबाट खटिएको प्रहरीले सु.प.प्र.१-०१३ प १८०२ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

यस्तै कञ्चनपुर, कृष्णपुर नगरपालिका-२ स्याउले चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ सय ६० मिलिग्राम सहित सोही नगरपालिका-२ बाणी बस्ने २५ वर्षीय कुबेर शाहीलाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय झलारी समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

**जुवातास खेलिरहेको अवस्थामा पाँच जना पक्राउ**

कास्की, पोखरा महानगरपालिका-१९ अकलादेवी डेरा गरी बस्ने सोही महानगरपालिका-१९ लामाचौर घर भएका ३० वर्षीय लक्षु थापाको कोठामा जुवातास खेलिरहेको अवस्थामा थापा समेत ५ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बगरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ९९ हजार ८ सय ५५ रूपैयाँ र १ बुक तास सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# रास्वपाको लहर : नवलपरासीका दुवै सिट कब्जा

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २४ फागुन

पश्चिम नवलपरासीका दुवै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ऐतिहासिक सफलता हासिल गरेको छ ।

जिल्लाका दुवै क्षेत्रमा रास्वपाका उम्मेदवारहरूले मुख्य प्रतिस्पर्धी दलका उम्मेदवारलाई अत्यन्तै फराकिलो मतान्तरले पछि पार्दै स्पष्ट जित दर्ता गरेका हुन् । यस परिणामसँगै नवलपरासीको राजनीतिक समीकरणमा उल्लेखनीय परिवर्तन आएको विश्लेषण गरिएको छ ।

मतपरिणामले परम्परागत राजनीतिक दलहरूभन्दा नयाँ राजनीतिक शक्तिप्रति मतदाताको आकर्षण र विश्वास बढ्दो रूपमा देखिएको संकेत गरेको राजनीतिक विश्लेषकहरूको भनाइ छ ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा रास्वपाका उम्मेदवार विक्रम खनाल ४५ हजार २ सय ४१ मत प्राप्त गर्दै निर्वाचित भएका छन् । उनले नेपाली कांग्रेस का उम्मेदवार विनोदकुमार चौधरी लाई ३५ हजार ७ सय ३९ मतान्तरले पछि पार्दै प्रभावशाली जीत हासिल गरेका हुन् । कुल ८२ हजार १ सय ७ मतमध्ये चौधरीले ९ हजार ५ सय २ मत मात्र प्राप्त गरेका छन् ।

यसै क्षेत्रमा तेस्रो स्थानमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का रामप्रसाद पाण्डे ७ हजार ९ सय ५६ मतसहित रहेका छन् ।



पूर्वमन्त्रीसमेत रहेका जनता समाजवादी पार्टी नेपाल का हृदयेश त्रिपाठी ७ हजार ८ सय ३२ मतसहित चौथो स्थानमा सीमित भए ।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी का नवनितकुमार मिश्र ले १ हजार ५ सय ९३ मत प्राप्त गर्दा नेपाल कम्युनिष्ट पार्टी की सिन्धु जलेसा बुढाथोकी १ हजार ५६ मतमा सीमित भइन्। अन्य उम्मेदवारले ७ मतदेखि ८ सय मतसम्म मात्र प्राप्त गरेका छन् । यस निर्वाचन क्षेत्रमा ११ स्वतन्त्रसहित कुल २६ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका थिए ।

निर्वाचन क्षेत्र नम्बर २ मा पनि रास्वपाले उल्लेखनीय सफलता हासिल गरेको छ । यहाँ रास्वपाका उम्मेदवार नरेन्द्रकुमार गुप्ता ४४ हजार १ सय ३८ मतसहित विजयी भएका छन्। उनले नेपाली कांग्रेस का उम्मेदवार भीमबहादुर थापा लाई २८ हजार १ सय ९३ मतान्तरले पछि पार्दै स्पष्ट जित हासिल गरेका हुन् । कुल ८८ हजार ९ सय १५ मतमध्ये थापाले १५ हजार ९ सय ४५ मत प्राप्त गरेका छन् ।

यस क्षेत्रमा तेस्रो स्थानमा जनता समाजवादी पार्टी नेपाल का देवेन्द्र यादव ७ हजार २ सय १२ मतसहित रहेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी का ध्रुवबहादुर प्रधान ले ४ हजार ६ सय ९१ मत प्राप्त गर्दा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का लेखनाथ खरेल ले ४ हजार ३ सय ११ मत पाएका छन् ।

त्यसैगरी राष्ट्रिय मुक्ति पार्टी का गोबिन्द चौधरी ले २ हजार २९ मत प्राप्त गरेका छन् भने नेपाल कम्युनिष्ट पार्टी का देवेन्द्र पौडेल १ हजार ८ सय ३८ मतमा सीमित भएका छन् । स्वतन्त्र उम्मेदवार रामबहादुर केवट ले ७ सय ५२ मत प्राप्त गरेका छन् भने अन्य उम्मेदवार ४ मतदेखि ४ सय मतको सेरोफेरोमा सीमित भएका छन्। यस क्षेत्रमा १२ स्वतन्त्रसहित कुल २९ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका थिए ।

मतपरिणामले देखायो मतदाताको नयाँ झुकाव दुवै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवारहरूले फराकिलो मतान्तरसहित विजय हासिल गरेपछि नवलपरासीको राजनीतिक शक्ति सन्तुलनमा ठूलो परिवर्तन देखिएको छ । लामो समयदेखि प्रभाव जमाइरहेका परम्परागत दलहरूलाई पछि पार्दै नयाँ राजनीतिक शक्तिले बलियो उपस्थिति जनाएको राजनीतिक विश्लेषकहरू बताउँछन् । विशेषगरी युवापुस्ता, वैदेशिक रोजगारीबाट फर्किएका मतदाता तथा परिवर्तनको अपेक्षा राख्ने मतदाताको ठूलो समर्थन रास्वपातर्फ गएको आकलन गरिएको छ । चुनावी परिणामले नवलपरासीमा आगामी दिनमा राजनीतिक प्रतिस्पर्धा अझ रोचक र चुनौतीपूर्ण बन्ने संकेत समेत गरेको छ ।

### कर्णाली चुनाव परिणाम

# कांग्रेस ५, नेकपा ४, अन्य दल ३ सिटमा विजयी

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, २४ फागुन



कर्णालीका सबै निर्वाचन क्षेत्रको नतिजा सार्वजनिक भइसकेको छ । १० जिल्लाका १२ निर्वाचन क्षेत्रमध्य सबै निर्वाचन क्षेत्रको नतिजा सार्वजनिक भइसकेको छ ।

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत सार्वजनिक अन्तिम नतिजा अनुसार कर्णालीमा नेपाली कांग्रेस पार्टीले ५ र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ४ सिट जितेको छ ।

नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) १/१ स्थानमा विजयी भएका छन् । कांग्रेसका सुर्खेत-१, विष्णुबहादुर खड्का, दैलेख-१ मा बासना थापा, जाजरकोटमा खडकबहादुर बुढा र हुम्लामा जयपति रोकाय विजयी भएका छन्।

नेकपका रुकुम पश्चिमबाट गोपाल शर्मा, सल्यानबाट रमेशकुमार मल्ल, डोल्पाबाट धनबहादुर बुढा, कालीकोटबाट महेन्द्रबहादुर शाही विजयी भएका छन् । एमालेले भने दैलेख-२ मा एमालेका लक्ष्मीप्रसाद पोखरेल मात्र विजयी भएका हुन् ।

सुर्खेतमा स्वपाका रमेशकुमार सापकोटा र जुम्लामा राप्रपाका ज्ञानबहादुर शाही विजयी भएका छन् भने मुगुमा नेपाली कांग्रेसका उम्मेदवार खड्क शाही विजयी भएका हुन् ।


## साउदीमा रोजगार

कम्पनी: ABDULMALIK ABDULAZIZ FAQIHI FOUNDATION
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/११/१७
चलानी नं.: ६०२५३१७५
L.T. No.:339731

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning And Lubrication Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ चैत २ गते (16 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | १०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BELIEVABLE OVERSEAS PVT.LTD.
इजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapath, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501

## मलेसियामा रोजगार

कम्पनी: EASYWAY SOLUTIONS SDN. BHD.
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/१३
चलानी नं.: ६०२५३२४३
LT. No.: 339509

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 31 | 0 | स. काममा दक्ष | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २ गते (16 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

- Aakarshan ensures no discrimination or harassment based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion etc. in hiring and employment practices. (आकर्षणले रंग, जात, धर्म, उमेर, लिङ्ग, गर्भवस्था आदिका आधारमा कुनै पनि भेदभाव र अमानवीय व्यवहार हुन दिदैन र यसको सुनिश्चितता गर्दछ।)
- Aakarshan ensures that workers have the right to participate in religious programs and are free to observe their respective religious activities. (आकर्षणले कामदारहरुको आफ्नो धर्म अनुसारको गतिविधि गर्न र सलंग्न हुन पाउने स्वतन्त्रताको सुनिश्चितता गर्दछ ।)

❖ **Freedom of Association & Collective Bargaining (संघ र सामूहिक सम्झौताको स्वतन्त्रता):**
- Workers have the right to freedom of movement, basic liberties, and collective bargaining as allowed by local law without discrimination based on their association. (स्थानीय कानुनले दिएको अधिकारको आधारमा कामदारहरुले कुनै पनि संघ संस्थामा आवद्द हुन पाउने स्वोतन्त्रता, बिना रोकतोक घुमफिर गर्ने अधिकार र आफ्नो आवाज सामुहिक रुपमा उठाउन पाउनेछन्।)

### Information Provided by Department of Foreign Employment (DOFE):
### (वैदेशिक रोजगार विभागद्धारा प्रदान गरिएको जानकारी):

Information provided by the Department of Foreign Employment (DOFE) बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारीः 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला ।

### E. Grievance and Whistleblower Reporting Alert (गुनासो र गोप्य सूचना दर्ता)

Aakarshan encourages a "Speak-up" culture. Report any unethical behavior without fear. Anonymous reports are welcome, and confidentiality will be ensured. (आकर्षणले बोल्ने स्वतन्त्रता र आफ्ना धारणा व्यक्त गर्ने अधिकारको सम्मान गर्दछ । कुनै अनैतिक गतिविधि देख्नुभयो भने हामीलाई गोप्य रुपमा जानकारी दिन सक्नुहुन्छ । तपाईको विवरण पूर्ण गोप्य राखिनेछ र बदला रहित वातावरणमा सम्बोधन गरिनेछ।)

Grievance Reporting Mechanism of Aakarshan (आकर्षणमा गुनासो दर्ता गर्ने माध्यम):
Emailing at: whistleblower.aakarshan@gmail.com or making direct call & SMS at 9847757089
(इमेल वा गुनासो समन्वय गर्ने नम्बरमा फोन वा एसएमएस मार्फत दर्ता गर्न सक्नु हुनेछ ९८४७७५७०८९ ।)

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
(An Ethical Certified Foreign Recruitment Agency)
Pashupati Road,Ratopul,Ward No.7, Kathmandu,Nepal
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306
Email:information.aakarshan@gmail.com, Web:www.aakarshannepal.com.np

# एन्फा मुख्यालयमा तालाबन्दी



**काठमाडौं/मस–** नेपाल फुटबल खेलाडी संघले आफ्ना माग सम्बोधन नभएको भन्दै अखिल नेपाल फुटबल संघ (एन्फा)को मुख्यालयमा तालाबन्दी गरेको छ । लामो समयदेखि खेलाडी तथा नेपाली फुटबलको हितका विषयमा विभिन्न माग उठाउँदै आए पनि एन्फाले बेवास्ता गरेको आरोप लगाउँदै संघले तालाबन्दीको निर्णय गरेको जनाएको छ ।

संघका अनुसार चरणबद्ध रूपमा वार्ता र सडक संघर्ष गर्दै आए पनि मागहरू कार्यान्वयनतर्फ एन्फाले ठोस पहल नगरेपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको हो । संघले आफ्ना माग पूरा नभएसम्म एन्फा मुख्यालयमा तालाबन्दी जारी रहने चेतावनी दिएको छ । खेलाडी संघले मुख्य रूपमा तीन वटा माग अघि सारेको छ । पहिलो, शहीद स्मारक डिभिजन लिगको सञ्चालन सुनिश्चित गर्दै ए डिभिजन लिगको मिति एन्फाले यसअघि दिएको प्रतिबद्धताअनुसार तोक्नुपर्ने माग गरिएको छ ।

दोस्रो, खेलाडी अक्षय कोषको विस्तृत विवरण सार्वजनिक गर्नुपर्ने माग राखिएको छ । संघका अनुसार गत वर्ष एकै प्रतियोगिताबाट जम्मा हुनुपर्ने करिब ६५ लाख रुपैयाँसहित कोषको अवस्थाबारे स्पष्ट जानकारी दिनुपर्ने उनीहरूको माग छ ।

तेस्रो, खेलाडीहरूको बाँकी तलब, भत्ता तथा पुरस्कार रकम उपलब्ध गराउनुपर्ने माग गरिएको छ । खेलाडी संघले सन् २०१७ देखि बाँकी रहेको पुरस्कार तथा नियमित तलब–भत्ताको भुक्तानी गर्नुपर्ने बताएको छ। उक्त विषय हालको एन्फा कार्यसमितिको बैठकबाट समेत पारित भइसकेको संघको दाबी छ ।

संघले आफ्ना मागहरू कार्यान्वयन नभएसम्म तालाबन्दी जारी रहने जनाएको छ। साथै, संघको सहमतिविना तालाबन्दी खोल्ने प्रयास भए त्यसबाट उत्पन्न हुने सम्पूर्ण क्षतिको जिम्मेवारी एन्फाले नै लिनुपर्ने चेतावनी दिएको छ ।

# मच्छिन्द्रको दबदबा



**काठमाडौं/मस–** जोनाथन इडवार्डोको दुई गोल प्रेरित मच्छिन्द्र क्लबले राष्ट्रिय लिगमा छैटौं जित निकाल्दै अंक तालिकाको शीर्षतामा दबदबा बनाएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आइतबार भएको खेलमा मच्छिन्द्रले जावलाखेल युथ क्लबमाथि २-० को जित निकाल्दै अंक तालिकाको दोस्रो स्थानमा पुगेको छ । जावलाखेलको जितमा जोनाथनले दुई गोल गरे । आठौं खेलमा मच्छिन्द्रको छैटौं जित हो । मच्छिन्द्र १९ अंक बटुल्दै अंक तालिकाको दोस्रो स्थानका लागि अंक बराबरी गरेको छ । दुवै हाफमा समान एक गोल भएको हो। खेलको ३३औं मिनेटमा इडवार्डोको गोलबाट मच्छिन्द्रले अग्रता लियो । प्रदीप बुढाथोकीको कट ब्याकमा इडवार्डोले जावलाखेलका दुई डिफेन्डर बीचबाट वान टचमार्फत बललाई जाली चुमाएका हुन् । त्यसपछि पहिलो हाफमा थप अवसर सिर्जना भए । जोनाथनकै गोलले अफसाइड मान्यता पायो ।

करिब १८ यार्डबाट एलिक श्रेष्ठको क्रसलाई देवेन्द्र तामाङले हेडरमार्फत जानाथनलाई बल उपलब्ध गराइदिए । पहिलो हाफमा थप गोल भएन र मच्छिन्द्र १-० ले अगाडि रह्यो । दोस्रो हाफमा जावलाखेलले खेलमा फर्कने प्रयास गऱ्यो । यद्यपि, सफलता पाउन सकेन र उल्टै अर्को गोल व्यहोऱ्यो। खेल सकिन लाग्दासम्म मच्छिन्द्र साँघुरो जिततर्फ अग्रसर थियो । तर ९०औं मिनेटमा जोनाथनले अर्को गोल गर्दै मच्छिन्द्रलाई २-० को जित दिलाउन मद्दत गरे । विक्रम दोङले जोनाथनलाई पेनाल्टी बक्सभित्र लडाएपछि मच्छिन्द्रले पेनाल्टी पायो । त्यो अवसरमा जोनाथनले गोल गर्दै मच्छिन्द्रलाई सहज जित दिलाएका हुन् । जावलाखेलले खेल अवधिभर धेरै अवसर सिर्जना गरे पनि गोल गर्न सकेन र पाँचौं हार व्यहोऱ्यो ।

दिनको अन्तिम खेलमा चर्च ब्वाइजले जित निकाले मच्छिन्द्र गोलअन्तरको आधारमा दोस्रो स्थानमा सीमित हुनेछ । दशरथ रंगशालामा आइतबार नै भएको दोस्रो खेलमा लालीगुराँस एसोसिएसनले संकटा क्लबसँग गोलरहित बराबरीको नतिजा सामना गऱ्यो । यो बराबरीसँगै लालीगुराँसले अंकतालिकाको शीर्ष स्थानमा उक्लिने अवसर गुमायो । ९ खेलबाट लालीगुराँसले १९ अंक नै जोडेको छ। जारी लिगमा अपराजित दुई टोलीमध्ये लालीगुराँस एक हो । लालीगुराँसले राम्रो अवसर सिर्जना गरे पनि संकटाको रक्षापंक्ति पार गर्न सकेन । यो बराबरीपछि संकटा ९ खेलबाट १० अंक जोड्दै आठौं स्थानमा उक्लिएको छ ।

शीर्ष स्थानको एपिएफ पनि अपराजित छ । आठ खेलबाट विभागीय टोली एपिएफको २० अंक छ । चर्च ब्वाइज युनाइटेड र सातदोबाटो युथ क्लबबीच दिनको अन्तिम खेलमा प्रतिस्पर्धा हुँदै छ । पुछारबाट तेस्रो स्थानमा रहेको सातदोबाटोमाथि जित निकाले चर्च ब्वाइजले पनि दोस्रो स्थानका लागि अंक बराबरी गर्नेछ ।


नेपाल सरकार
गृह–मन्त्रालय
**सशस्त्र प्रहरी बल, नेपाल**
**नं. १९ गण हे.क्वा.(बिशेष कार्यदल)**
**बगलामुखी, काठमाडौं**

**सम्पत्ति तथा जिन्सी मालसामान र सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**सूचना नं. ०८२/०८३/०१**
**प्रथम पटक प्रकाशित मिति : २०८२/११/२५ गते**

यस सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा.(बिशेष कार्यदल) बगलामुखी काठमाडौंमा रहेको प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान एवं सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/१२/०९ गते) भित्र बोलपत्र खरिद गरी १६ औं दिन (मिति २०८२/१२/१० गते) मा दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु हुन ईच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीलाई आह्वान गरिन्छ । लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानहरु र दर्ता नामसारी नहुने सवारी साधन सहितको मु.अ.कर बाहेक न्यूनतम कायम जम्मा मूल्य रु.४,३१,७४९।०८ (अक्षरुपी चार लाख एकतिस हजार सात सय उन्चास रुपैयाँ र आठ पैसा मात्र) रहेको छ । विस्तृत व्यहोरा बोलपत्र फाराम तथा सशस्त्र प्रहरी बल, नेपालको Website:- www.apf.gov.np मा राखिएको छ । यस सम्बन्धमा सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा. (बिशेष कार्यदल) बगलामुखी काठमाडौंबाट थप जानकारी प्राप्त गर्न सकिनेछ ।



**Lumbini Province Government**
**Water Supply and Sanitation Office**
**Arghakhanchi**

**Invitation for Bid (IFB)**

**(First date of publication: Falgun 25, 2082 ( 9 th March, 2026 )**

Water Supply and Sanitation office Arghakhanchi invites open competitive bidding from eligible bidders/suppliers for the procurement of following goods under National Competitive Bidding (NCB).

| S. N. | Contract Identification No. | Description | Estimate Amount NRs. (Without VAT) | Price of Bid Document | Bid Validity Period | Bid Security / Bid Bond |
|---|---|---|---|---|---|---|
| 1 | 06/WSSDOP/ NCB/G/082-83 | Supply and Delivery Filter Media (Sand) for Treatment Plant | 19,82,066.06 | NRS.3000 | 90 days | 56,000.00 |

1. Eligible bidders may obtain further information from Water supply and Sanitation Office, Arghakhanchi |(Tel: 077420110) email: wsso.arghakhanchi@gmail.com) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.
2. Bids must be Valid for a period of 90 days Counting from the day of bid opening and must be accompanied by bid Security(as mentioned above) which shall be valid for mínimum 30 days beyond the bid validity period.

**Office Chief**



**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: गौशाला, महोत्तरी
फोन नं.: ०४४-५५६२२६/४२

शाखा कार्यालय: भरतपुर, चितवन
फोन नं. ०५६-५९३२४०/४१/४२

शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. : ०५७-५२०५६९/५२४८७४

शाखा कार्यालय: जनकपुर, धनुषा
फोन नं. ०४१-५९०३८५/८९

को

**केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२/११/२५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**१. ऋणीको विवरण**

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०८०/०७/१६ मा दर्ता नं. ३२२६५१/०८०/०८१ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ६ स्थित दाहाल खादयन इन्टरप्राइजेज प्रा.लि.

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. दाहाल खादयन इनटरप्राइजेज प्रा.लि.को नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला शिवभक्तीखोर गा.वि.स./न.पा. वडा नं ९ स्थित कित्ता नं. १२८, १४९, १५३ र १५५ को क्रमश: क्षेत्रफल ०-२-१५-०, ०-१०-०-०, ०-७-७.७५-० र ०-१३-१८.२५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. यस बैंकको हितमा गरिएको मौज्दात (Stock) को हाइपोथिकेशन तथा चल / अचल सम्पत्ति र अमुर्त सम्पत्ति माथीको हक समेत ।

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन,२०६३ बमोजिम मिति: २०८०/०७/१६ मा दर्ता नं. ३२२६५८/०८०/०८१ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ६ स्थित अनिल कुकिज फुड इण्डस्ट्री प्रा.लि.

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. अनिल कुकिज फुड इन्डस्ट्री प्रा.लि.को नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला शिवभक्तीखोर गा.वि.स./न.पा. वडा नं ५ स्थित कित्ता नं. १७५, १८१, १८२ र १७६ को क्रमश: क्षेत्रफल ०-५-३-०, ०-६-१२-०,०-६-१२-० र ०-५-३-०(बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. यस बैंकको हितमा गरिएको मौज्दात (Stock) को हाइपोथिकेशन तथा चल/अचल सम्पत्ति र अमुर्त सम्पत्ति माथिको हक समेत ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

प्रेम प्रसाद दाहालको नाति, कुमार दाहालको छोरा सिन्धुली जिल्ला कमलामाई न.पा वडा नं. ९ स्थित स्थायी ठेगाना भएको अनिल दाहाल (ना.प्र.प.नं. २०-०१-७३-०००५९, सिन्धुली)

**नोट: माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।**

**३. ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, प्रदेश नं. ३, शाखा कार्यालय, सिन्धुलीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७६/०१/२५ मा दर्ता नं. ३७७३/०७५/०७६ कायम भई दर्ता भएको सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९, स्थित हंस बालुवा प्रशोधन उद्योग **प्रोप्राइटर: रतन ठाकुर**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. खटर ठाकुरको नाति, श्याम ठाकुर हजामको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थित स्थायी ठेगाना भएको रतन ठाकुर (ना.प्र.प.नं. १७११०२/२९४, धनुषा)

२. श्याम ठाकुर हजामको बुहारी, रतन ठाकुरको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थित स्थायी ठेगाना भएको रिमा कुमारी ठाकुर (ना.प्र.प.नं. १७११०२/९८५९, धनुषा)

३. प्रेम प्रसाद दाहालको नातिनी, कुमार दाहालको छोरी, सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको ऐश्वर्या दाहाल (ना.प्र.प.नं. २०-०१-७३-०१९२७, सिन्धुली)

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. ऐश्वर्या दहालको नाममा भुमिसुधार तथा मालपोत मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला, वगडा गा.वि.स./न.पा. वडा नं. १ (सिट नं. १ क) स्थित कित्ता नं. १२६९ को क्षेत्रफल ०-११-७.२५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऐश्वर्या दहालको नाममा भुमिसुधार तथा मालपोत मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला, १ नं. बहादुर गञ्ज गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९ ख) स्थित कित्ता नं. ४८ र ४७ को क्रमश: क्षेत्रफल ०-१५-१९-० र ०-७-१५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. रिमा कुमारी ठाकुरको नाममा भुमिसुधार तथा मालपोत मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, प्र.को महुवा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ९४९ को क्षेत्रफल ०-१-२-१० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. प्राइम कमशिर्यल बैकको नाममा यातायात व्यवस्था कार्यालय बागमतिमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन, औजार तथा उपकरणहरु

| क्र.सं. | सवारीको मोडल | इन्जिन नं. | च्यासिस नं. | दर्ता नं. |
|---|---|---|---|---|
| १. | DFSK Model Glory 560- 2020 | SPG158*19758080* | MKFP1M4BILJ503823 | प्रदेश-३-०१-०२४-च ०३८७ |
| २. | KOBELCO SK 220XDLC-10 Hydraulic Excavator-2019 | JO5ETA-50816 | UQ15-B6998 | बा ३ क ३४१२ |

**४. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०५/२२ मा दर्ता नं. १५०८४६/०७६/७७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३२, स्थित सयुष्मा ह्याण्डीक्राफ्ट एक्सपोर्ट **प्रोप्राइटर: वविन ढकाल**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. इश्वरी प्रसाद ढकालको नाति, बासुदेव ढकालको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३५, स्थित स्थायी ठेगाना भएको वविन ढकाल (ना.प्र.प.नं. १०६०/९९९६१, काठमाण्डौ)

२. लक्ष्मी प्रसाद घिमिरेको नाति, कृष्ण प्रसाद घिमिरेको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, दाप्चा छत्रेवाँझ गा.वि.स/उ.म.न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको सुबाश घिमिरे (ना.प्र.प.नं. ३०१०२६/१६५८३६, काभ्रेपलाञ्चोक)

३. इश्वरी प्रसाद ढकालको बुहारी, बासुदेव ढकालको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३५, स्थित स्थायी ठेगाना भएको विमला ढकाल (ना.प्र.प.नं. १२८७१, काठमाण्डौ)

**धितोमा रहेको सम्पत्तिको विवरण**

विमला ढकालको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हटीया गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. ४८२२ र ४८१७ को क्रमश : क्षेत्रफल ०-२-१२-० र ०-३-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**५. ऋणीको विवरण**

करबिर थापाको नाति, दुर्गा बहादुर थापाको छोरा, तनहुँ जिल्ला, कोटदरबार गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको सुमन थापा (ना.प्र.प.नं. ६६२३९, तनहुँ)

**व्यक्तिगत जमानतकर्ताको विवरण**

दुर्गा बहादुर थापाको बुहारी, सुमन थापाको पत्नी, बागलुङ जिल्ला, रिघा गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको मिना पुन (ना.प्र.प.नं. २०७४६९, बागलुङ)

**धितोमा रहेको सम्पत्तिको विवरण**

सुमन थापाको नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, सिस्वार गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं. ४/क) स्थित कित्ता नं. १२४ को क्षेत्रफल १-१-१४-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

**नोट: माथि उल्लेखित ऋणी नं. ५ को धितोमा रहेको सम्पत्ति ऋणी इगल एक्सपोर्ट एण्ड इम्पोर्ट प्रा.लि. को लागि समेत धितोमा रहेको।**

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/११/२५ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु गौशाला, महोत्तरी, भरतपुर, चितवन, हेटौंडा, मकवानपुर र जनकपुर, धनुषाबाट प्राप्त गर्न सकिनेछ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८२/१२/०१ गते आइतबार कार्यालय समय भित्र ऋणी नं. १ को धितोमा रहेको सम्पत्रिको विवरण नं १, ऋणी नं. २ को धितोमा रहेको सम्पत्तिको विवरण नं. १ र ऋणी नं. ३ को धितोमा रहेको सम्पत्तिको विवरण नं. १ र २ को हकमा यस बैंकको शाखा कार्यालय गौशाला, महोत्तरीमा, ऋणी नं. ३ को धितोमा रहेको सम्पत्तिको विवरण नं. ३ को हकमा शाखा कार्यालय जनकपुर, धनुषामा, ऋणी नं. ४ को धितोमा रहेको सम्पत्तिको हकमा शाखा कार्यालय हेटौंडा, मकवानपरमा, ऋणी नं. ५ को धितोमा रहेको सम्पत्तिको हकमा शाखा कार्यालय भरतपुर, चितवनमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८२/१२/०२ गते सोमबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको म्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु गौशाला, महोत्तरी, भरतपुर, चितवन, हेटौंडा, मकवानपुर र जनकपुर, धनुषामा सम्पर्क राखी बुझ्न सकिनेछ ।



**मनाङमा पर्यटकको चहलपहल**

मनाङमा चुनावी चहलपहल सकिन नपाउँदै विदेशी पर्यटकको आउन सुरु । तस्बिरमा अन्नपूर्ण पदमार्ग अन्तर्गत नासो गाउँपालिकादेखि चामेतर्फ जाँदै गरेका विदेशी पर्यटक यस पदमार्गमा दैनिक ५० देखि ६० जना विदेशी पर्यटक मनाङ भित्रने गरेका छन् ।

**तस्बिरः नवीन लामिछाने/रासस**

# एकल सरकार बन्ने भएपछि निजी क्षेत्रमा उत्साह

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २४ फागुन

जेनजी आन्दोलनले आत्मविश्वास कमजोर बनाएको निजी क्षेत्र निर्वाचनको नतिजाले उत्साहित भएको छ । फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा एकल पार्टीको स्पष्ट बहुमत आएपछि अर्थतन्त्रले थप गति लिने अपेक्षा निजी क्षेत्रको छ ।

आगामी पाँच वर्ष राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सरकार बनाउने देखिएपछि स्थिर सरकारले ल्याउने नीतिले लगानीको वातावरण बन्ने व्यवसायीको भनाइ छ । नयाँ बन्ने सरकारले देशको आत्मनिर्भर अर्थतन्त्र, रोजगारीदेखि पर्यटनसम्मको विकास नीतिमा अब बन्ने सरकारको नेतृत्व गर्ने पार्टीले आफ्नो घोषणापत्रमा उल्लेख गरेकाले मुलुक आगामी पाँच वर्ष नयाँ ढंगले अगाडि बढ्ने विश्वास निजी क्षेत्रले गरेको छ ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले देशमा गम्भीर अन्यौलताको स्थिति सिर्जना भएको थियो । त्यसले निजी क्षेत्रका लगानीकर्तामा देश कता जाने हो भन्ने चिन्ता थपिएको थियो । तर, त्यसपछि बनेको चुनावी सरकारले शान्तिपूर्ण निर्वाचन गरेसँगै प्राप्त नतिजालाई प्रतिस्पर्धी राजनीतिक दलले समेत स्वीकार गरेको अवस्थाले देशको अर्थतन्त्रले सकारात्मक गति लिने व्यवसायीको भनाइ छ ।

जनता र निजी क्षेत्रले चाहेको राजनीतिक स्थायित्व आएको भन्दै एकल पार्टीको बहुमतको सरकार प्राप्त गर्ने अवस्थाले आगामी दिनमा नेपाल आर्थिक समृद्धिको बाटोतिर लम्किने विश्वास नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालको छ ।



**लगानीमैत्री वातावरण, ऐन कानुनको परिमार्जन, नीति–नियमको संशोधन तथा अनावश्यक अवरोधहरू हट्ने अपेक्षा छ ।**

**■ कमलेश अग्रवाल**
**अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स**



**एउटै पार्टीको सरकार बन्दा त्यसको लाभ निजी क्षेत्रलाई पर्छ । लगानीकर्ताको मनोवल र आत्मविश्वास बढ्छ ।**

**■ राजेशकुमार अग्रवाल**
**पूर्वअध्यक्ष, नेपाल उद्योग परिसंघ**



**निजी क्षेत्र र सरकार मिलेर आर्थिक समृद्धि र रोजगारी सिर्जनाको काम अघि बढ्नुपर्छ । संसद्मा युवा पुस्ताको आगमनले निजी क्षेत्र उत्साहित छ ।**

**■ हेमराज ढकाल**
**उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

'राजनीतिक स्थायित्व हुने बित्तिकै अर्थनीतिमा स्थायित्वता आउँछ र रास्वपाले आफ्नो घोषणापत्र पाँच वर्ष भित्र अहिलेको ६० खर्बको अर्थतन्त्रलाई सय खर्ब पुऱ्याउने प्रतिव्यक्ति आय, आर्थिक वृद्धिमा गरिएको प्रतिबद्धता कार्यान्वयनतिर लागे आर्थिक गतिविधि बिस्तार हुन्छ', उनले भने, 'घोषणापत्र अनुसार काम सुरु गर्ने हो भने लगानीमैत्री वातावरण निर्माण हुने भन्दै निजी क्षेत्र उत्साहित छ ।'

एकल सरकार बन्ने भएपछि लगानीमैत्री वातावरण निर्माण हुने क्रममा आवश्यक ऐन कानुनको परिमार्जन, नीति–नियमको संशोधन तथा अन्य अनावश्यक अवरोधहरू समेत हट्ने निजी क्षेत्रको विश्वास छ । नयाँ सरकारले लगानीको वातावरण बनाउनका लागि स्वदेशी लगानी प्रवर्धन गरेर रोजगारी सिर्जनातर्फ लाग्नुको विकल्प नरहेको व्यवसायी बताउँछन् ।

नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष राजेशकुमार अग्रवालले स्थिर सरकारले केही नयाँ परिवर्तन गर्ने अपेक्षा रहेको बताए । एउटै पार्टीको सरकार बन्दा त्यसको लाभ निजी क्षेत्रलाई पर्ने लगानीकर्ताको मनोबल र आत्मविश्वास बढाउने अग्रवालले बताए ।

यस्तै, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले नयाँ बन्ने सरकारसँग मिलेर काम गर्न निजी क्षेत्र आतुर रहेको बताउँछन् ।

'नयाँ निर्वाचित दलले आर्थिक समृद्धिको बाटोमा देशलाई लैजान्छ भन्ने भरोसा समेत छ, एकल बहुमतको सरकार बन्दैछ, निजी क्षेत्रले समेत आफ्नो एजेन्डासहित सरकारसँग छलफल गर्छ, निजी क्षेत्र र सरकार मिलेर आर्थिक समृद्धि र रोजगारी सृजनाको काम अघि बढ्नु पर्छ', उनले भने, 'अब नयाँ संसदमा युवा पुस्ताको आगमन भएको छ, जोश र उमंगकासाथ देश बनाउन आएको नेतृत्वसँग मिलेर काम गर्ने वातावरण बन्नुपर्छ, यसलाई निजी क्षेत्रले सकारात्मक रूपमा हेरेको छ ।' प्रतिनिधिसभा सदस्यको निर्वाचनबाट प्राप्त मतपरिणामअनुसार रास्वपाले आगामी पाँच वर्षका लागि सरकार बनाउँदै छ । एउटै दलको अत्याधिक बहुमत हुने अवस्था देखिएकाले सो बीचमा सरकार परिवर्तनको खेल पनि बन्द हुने भएकोले मुलुकले आर्थिक विकासको गति लिन सक्ने निजी क्षेत्रको बुझाइ छ ।

## राष्ट्र बैंकबाट बिदा भए ढुंगाना र मिश्र

**काठमाडौं/मस–** नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर द्वय डा. नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्र पाँच वर्षे कार्यकाल पूरा गरेर बिदा भएका छन् । कार्यकाल पूरा भएसँगै उनीहरू आइतबारदेखि बिदा भएका हुन् ।

डा. ढुंगाना र मिश्रलाई तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वगभर्नर महाप्रसाद अधिकारीको सिफारिसमा डेपुटी गभर्नरमा नियुक्त गरेका थिए । दुई डेपुटी गभर्नर बिदा भएसँगै रिक्त डेपुटी गभर्नर पदमा राष्ट्र बैंकका विशिष्ट श्रेणी (कार्यकारी निर्देशक–ईडी) स्तरका अधिकृतहरूमध्येबाट नियुक्त गरिने व्यवस्था छ ।



हाल राष्ट्र बैंकमा १८ जना कार्यकारी निर्देशक कार्यरत छन् । ऐनअनुसार गभर्नरले ती कार्यकारी निर्देशकमध्येबाट चार जनाको नाम डेपुटी गभर्नर पदका लागि मन्त्रिपरिषद्मा सिफारिस गर्नुपर्ने हुन्छ । गभर्नरले सिफारिस गरेका चार जनामध्येबाट सरकारले दुई जनालाई डेपुटी गभर्नर नियुक्त गर्ने व्यवस्था छ । भर्खरै निर्वाचन सम्पन्न भएकाले संसदबाट नयाँ सरकार बनेसँगै डेपुटी गभर्नर नियुक्तिको प्रक्रिया अघि बढ्न सक्ने राष्ट्र बैंक स्रोतले जनाएको छ ।

## ग्यालेक्सी एस २६ सिरिज अब नेपालमा

**काठमाडौं/मस–** सामसङ कम्पनीको स्मार्टफोन ग्यालेक्सी एस २६ सिरिज अब नेपालमा पाइने भएको छ । ग्यालेक्सी एआई अनुभवद्वारा सञ्चालित सबैभन्दा सहज, स्मार्ट र अनुकूल हुने प्रविधिसहित तयार गरिएको सो फोन नेपालमा पाइने भएको हो ।

सो सिरिज मानिसहरूले आफ्नो फोनमा दैनिक गर्ने कामहरूलाई अझ सजिलो र सरल बनाउन डिजाइन गरिएको कम्पनीले जनाएको छ । तालिका व्यवस्थापन गर्नेदेखि कन्टेन्ट बनाउनेसम्म, ग्यालेक्सी एस २६ सिरिजले प्रयोगकर्ताहरूलाई प्राविधिक जटिलताहरूको सट्टा परिणामहरूमा ध्यान केन्द्रित गर्ने कुरा सुनिश्चित गर्दछ ।



ग्यालेक्सी एस २६ अल्ट्रा, ग्यालेक्सी एस २६ प्लस र ग्यालेक्सी एस २६ अब नेपालमा आइतबारदेखि मार्च १८ (वा स्टक उपलब्ध नभएसम्म) सम्म प्रि–अर्डरको लागि उपलब्ध रहेको वितरक कम्पनीले जनाएको छ । ग्यालेक्सी एस २६ सिरिज प्रयोगकर्ताहरूको जीवनशैली र कार्यशैलीअनुसार अनुकूल हुने गरी इन्जिनियर गरिएको जसले एजेन्टिक एआई मार्फत सामसङका लागि नयाँ दिशा संकेत गर्ने कम्पनीको भनाइ छ ।

## बजारमा आयो बजाजको नयाँ पल्सर

**काठमाडौं/मस–** बजाज मोटरसाइकल ब्रान्डले बजाज पल्सर १५० को नयाँ संस्करण ल्याएको छ । कम्पनीका अनुसार आधुनिक डिजाइन, उन्नत प्रविधि र उत्कृष्ट कार्यक्षमतासहितको नयाँ पल्सर १५० मोटरसाइकल नेपाली बजारमा आएको हो ।

नयाँ संस्करणको पल्सर १५० मा आकर्षक नयाँ ग्राफिक्स, शक्तिशाली एफआई बीएस ६ इन्जिन, सिंगल–च्यानल एबीएस, एलईडी हेडल्याम्प तथा ब्लुटुथ सपोर्टसहितको फुल डिजिटल कन्सोल जस्ता आधुनिक फिचरहरू समावेश छन् ।



मोटरसाइकलमा प्रयोग गरिएको इन्धन इन्जेक्सन (एफआई) प्रविधिले राम्रो माइलेज र सहज प्रदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ । त्यसैगरी एबीएस प्रणालीले ब्रेकिङलाई अझ सुरक्षित बनाउनेछ भने डिजिटल कन्सोलले राइडिङ अनुभवलाई आधुनिक बनाउने कम्पनीको दाबी छ ।

बजाज पल्सर १५० नेपालभरका बजाज अटोका आधिकारिक सोरुममार्फत उपलब्ध गराइएको कम्पनीले जनाएको छ । मोटरसाइकलको प्रारम्भिक मूल्य ३ लाख ५५ हजार ९ सय रुपैयाँ तोकिएको छ । नेपालमा हंसराज हुलासचन्द एण्ड कम्पनीले बजाज मोटरसाइकलको आधिकारिक वितरकका रूपमा सेवा दिँदै आएको छ ।

**अर्थ विश्व**

## इरान युद्धका कारण विश्वव्यापी ऊर्जा बजारमा संकट

**काठमाडौं/एजेन्सी–** इरानमाथिको अमेरिका–इजरायल युद्धका कारण विश्वव्यापी ऊर्जा बजारमा गम्भीर र दीर्घकालीन संकट उत्पन्न भएको छ । एक हप्तादेखि जारी यो द्वन्द्व तत्कालै अन्त्य भए तापनि क्षतिग्रस्त संरचना, अवरुद्ध ढुवानी प्रक्रिया र समुद्री मार्गमा बढेको जोखिमका कारण उपभोक्ताहरूले आगामी हप्ता वा महिनासम्म उच्च इन्धन मूल्यको सामना गर्नुपर्ने देखिएको छ ।

विश्वको कुल कच्चा तेल र प्राकृतिक ग्यास आपूर्तिको झण्डै २० प्रतिशत हिस्सा ओगट्ने 'स्ट्रेट अफ हर्मोज' मा अवरोध सिर्जना हुँदा आपूर्ति प्रणाली नै अस्तव्यस्त बनेको छ । तेहरानले महत्वपूर्ण समुद्री मार्गमा रहेका जहाज र ऊर्जा पूर्वाधारहरूलाई निशाना बनाएपछि साउदी अरब, संयुक्त अरब इमिरेट्स (यूएई), इराक र कुवेतजस्ता ठूला उत्पादकहरूले करिब १४ करोड ब्यारेल तेलको ढुवानी रोक्न बाध्य भएका छन् । यो परिमाण विश्वको १.४ दिनको माग बराबर हो ।

खाडी मुलुकका भण्डारण केन्द्रहरू भरिँदै गएपछि इराक र कुवेतले तेल उत्पादनमा कटौती गर्न थालेका छन् भने यूएईले पनि उत्पादन घटाउने तयारी गरेको छ । कतारले पनि इरानी ड्रोन आक्रमणका कारण आफ्नो ग्यास निर्यातमा 'फोर्स मजेर' (काबुबाहिरको परिस्थिति) घोषणा गरेको छ । विश्वको २० प्रतिशत एलएनजी आपूर्ति गर्ने कतारलाई पुरानै लयमा फर्कन कम्तीमा एक महिना लाग्ने अनुमान गरिएको छ । यस्तै, साउदी अरामकोको विशाल रास तनुरा रिफाइनरी र निर्यात टर्मिनल पनि आक्रमणका कारण बन्द गरिएको छ ।



युद्ध सुरु भएयता अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य २५ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ । अमेरिकामा पेट्रोलको औसत खुद्रा मूल्य प्रति ग्यालन ३ दशमलब ३२ डलर पुगेको छ, जुन अघिल्लो हप्ताको तुलनामा ३४ सेन्टले बढी हो । यस्तै डिजेलको मूल्य पनि प्रति ग्यालन ४ दशमलब ३३ डलर पुगेको छ ।

यो मूल्य वृद्धि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि राजनीतिक रूपमा चुनौतीपूर्ण बनेको छ । नोभेम्बरमा हुने मध्यावधि निर्वाचनको मुखमा बढेको इन्धनको मूल्यले मतदाताहरूमा असन्तोष पैदा गर्न सक्ने र यसले रिपब्लिकन पार्टीलाई असर गर्ने विश्लेषण गरिएको छ ।

मध्यपूर्वको तेलमा ६० प्रतिशत निर्भर रहेको आयातमुखी एसियाली मुलुकहरू यसबाट सबैभन्दा बढी प्रभावित भएका छन् । भारतको सरकारी स्वामित्वको मंगलोर रिफाइनरी एण्ड पेट्रोकेमिकल्सले ग्यासोलिन निर्यातमा रोक लगाएको छ भने चीन, थाइल्याण्ड र भियतनामले पनि इन्धन निर्यात वा कच्चा तेलको ढुवानी स्थगित गरेका छन् ।

जापानमा आगामी आर्थिक वर्षका लागि बिजुलीको मूल्य एक तिहाइले बढ्ने प्रक्षेपण गरिएको छ भने दक्षिण कोरियाको सियोलमा उपभोक्ताहरू मूल्य अझै बढ्ने डरले पेट्रोल पम्पहरूमा लामो लाइनमा बस्न थालेका छन् । यता युरोपका लागि भने यो संकट झनै कष्टकर बनेको छ । सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि रुसी ग्यासमा लगाइएको प्रतिबन्धका कारण पहिले नै समस्यामा रहेको युरोपले अहिले दोहोरो मार खेप्नुपरेको छ ।

विशेषज्ञहरूका अनुसार युद्ध रोकिए पनि तेल क्षेत्रहरूलाई पुरानै क्षमतामा फर्काउन हप्ता वा महिना लाग्न सक्छ । अन्तर्राष्ट्रिय विश्लेषकहरूले कुन प्रकारको तेल क्षेत्र हो र उत्पादन कसरी बन्द गरिएको हो भन्ने कुराले यसको पुनर्स्थापना समय निर्धारण गर्ने बताएका छन् । स्ट्रेट अफ हर्मोज कहिले सुरक्षित हुन्छ भन्ने नै अहिलेको मुख्य प्रश्न बनेको छ ।

यसैबीच, यो संकटले रुसलाई भने फाइदा पुगेको छ । मध्यपूर्वबाट हुने आपूर्ति रोकिएपछि अमेरिकाले भारतीय रिफाइनरीहरूलाई रुसी तेल किन्न ३० दिनको छुट दिएसँगै रुसी कच्चा तेलको मूल्य बढेको छ ।


**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**बैतडी**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः– २०८२/११/२५**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०९/३० गते 'प्रभाव दैनिक' र e-bid मार्फत प्रकासित सूचना बमोजिम तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | योजनाको नाम | ठेक्का नं. | बोलपत्रदाता | कबोल अंक (मू.अ.क. र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | Construction and Upgrading of Dethala Naugad Khar Khalanga Road , Darchula -Construction and Upgrading of Chhola Tauki Road, Shailyashikhar-2 Darchula | IDOBTD/NCB/ W/R/082-083/24 | Latinatha Construction And Consultancy Pvt. Ltd., Darchula | 1,517,133.49 |
| 2 | Construction of Airichhana Takana Rithachaupata Siroda Sharmali Dhanthala Road, Darchula | IDOBTD/NCB/ W/R/082-083/25 | Latinatha Construction And Consultancy Pvt. Ltd., Darchula | 1,498,041.52 |
| 3 | Construction of Tapoban Barku Road, Marma RM Darchula | IDOBTD/NCB/ W/R/082-083/26 | Hatinath Nirman Sewa, Marma-4, Darchula | 1,549,312.38 |
| 4 | Construction of Latinath Ril Sarsi Bajaani Road, Marma RM Darchula | IDOBTD/NCB/ W/R/082-083/27 | Mahar Construction, marma rural municipality -03 darchula | 1,502,608.35 |
| 5 | Construction of Malikarjun Pasadeu Limthi Ghodedhunga Road Malikarjun RM, Darchula | IDOBTD/NCB/ W/R/082-083/28 | Leading Light Multipurpose Pvt. Ltd. Malikarjun Rural Municipality-03, Darchula | 1,551,368.62 |
| 6 | Construction and Upgrading of Tusharpani Sina Road, Byaash Rural Municipality, Darchula- Construction of Ghoretha Bajar Hunigaun Brahma Mandir Pankhal hudai channakot Jane Road, Byaash Rural Municipality, Darchula | IDOBTD/NCB/ W/R/082-083/29 | Jay Brahm - Rithgade JV, Byash-5 Darchula | 2,360,354.94 |
| 7 | Construction of Tinkar sadak dekhi Dulla Sutkhola Simar Road Duhu RM , Darchula | IDOBTD/NCB/ W/R/082-083/30 | Badri nirman sewa Mahakali municipality - 5 Darchula | 2,059,984.41 |
| 8 | Construction and upgrading of Haradakhan Kotigaun Simdogada Road, Melauli-08 Baitadi - Construction of Aadharbhut swasthakendra Bagar Kamalpur Mavi Dafanna Bishalpur Road, Melauli Baitadi | IDOBTD/NCB/ W/R/082-083/31 | Jaya Baba Nagarjun Nirman Sewa Bheemdatt Municipality Ward No. 15 kanchanpur | 2,826,418.65 |
| 9 | Construction and upgrading of Lamalek Balaraghat Road, Melauli -5 & 7, Baitadi | IDOBTD/NCB/ W/R/082-083/32 | Rabindra Pancheshwar Construction & Suppliers , Pancheshwor-2 Baitadi | 1,787,595.92 |
| 10 | Construction and upgrading of Toli pantal Bhumeshwor Road, Patan-4 Baitadi | IDOBTD/NCB/ W/R/082-083/33 | Bar Shikhar Construction, Patan Baitadi | 1,620,880.80 |
| 11 | Construction and upgrading of Anarkholi Kailpal Patan Road, Baitadi | IDOBTD/NCB/ W/R/082-083/34 | Bar Shikhar Construction, Patan-6 Baitadi | 1,834,541.45 |
| 12 | Construction and upgrading of Ganna Ganaikhan Road , Baitadi | IDOBTD/NCB/ W/R/082-083/35 | RD BUILDERS/ATHOLA JOSHI SUPPLIERS shailyashikhar 08 darchula | 6,358,992.14 |
| 13 | Construction and upgrading of Karkale Debjhadi Road, Dilasaini- 3, 5 Baitadi | IDOBTD/NCB/ W/R/082-083/36 | Ninglashaini consttruction, Dilasaini-3 Baitadi | 5,458,693.66 |
| 14 | Construction and upgrading of Gokuleshwor Dadiya dekhi Setigaun Negaun Road, Dilasaini-6, Baitadi | IDOBTD/NCB/ W/R/082-083/37 | Gallakedar Nirman Sewa Shailyashikhar-9 Naktad Darchula | 1,522,999.75 |

**कार्यालय प्रमुख**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**